# हिमालयन सामुदायिक विकास मञ्च(हिकोडेफ)
# कावासोती नवलपरासी ब.सु.पू.
# वार्षिक प्रगति प्रतिवेदन २०७६/२०७७

विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, उनीहरुको जीविकोपार्जन तथा प्रत्यक्ष विकास निर्माणका साझा सवाल/समस्याहरुका विषयमा आवाज उठाउँदै पछाडि पारिएको र दुर्गम क्षेत्रलाई प्राथमिकता दिदै २०५५ सलदेखी हिकोडेफले आफ्ना विभिन्न खालका परियोजनाहरु सञ्चालन गर्दै आईरहेको छ । यसरी स्थानीय स्तरमा परिचालन गरिएका कृयाकलापहरुको प्राप्त उपलब्धी, अवसर, भोगिएका नयाँ समस्याहरु, चुनौति र सिकाइहरुलाई पछिसम्म पनि दस्तावेज हुने गरी बार्षिक प्रतिवेदनको रुपमा लिखित गरेर राख्ने गरिएको छ । संस्थामा सञ्चालन भएका परियोजनाहरुको स्थान एकै भए पनि सरोकारका विषयहरु फरक-फरक हुन सक्छन् र ति सबै एकै प्रकृतिको तथा एकै ढाँचाको नभई सम्बन्धित सरोकारवाला वा साझेदार निकायहरुसँगको सहमति अनुसार अलग-अलग ढंगबाट तयार गरिन्छ । काम गर्दै जाने क्रममा विभिन्न समस्याहरु खेप्नु परेको छ, कतिपय कृयाकलापहरुको प्रभावकारीताको समेत चुनौतिहरुको सामना गरिएको छ भने फिल्डमा देखिएका सानातिना समस्याहरु तत्कालै दीगो रुपमा समाधान समेत गएिका छन् । परियोजनाहरु साझेदार निकायहरुसँगको सहमति र स्थानीय समुदायको आवश्यकता अनुसार पनि परिचालन गरिएका हुन्छन् । **यस बर्ष विश्वव्यापी रुपमा फैलिंदै गईरहेको कोरोना भाइरस(कोभिड-१९)को महामारीका कारण नेपाल समेत गम्भिर जोखिममा परेको र यसबाट बच्नका लागि सामाजिक सचेतना जगाउने र प्रत्यक्षरुपमा स्वास्थ्य सम्बन्धि र खाद्यान्नहरु विपन्न वर्गलाई राहात वितरण गर्नु हिकोडेफले पनि आफ्नो दायित्व महशुश गरि आफ्नै सदस्यहरु र दातृ निकायहरुसँगको समन्वमा सहयोग गरिरहेको छ ।**

**संस्थाको मुख्य कार्यक्षेत्र २०७६/०७७:को:** नवलपरासी ब.सु.पू. र नवलपरासी ब.सु.प.(साविकको नवलपरासी जिल्ला) का सबै नगरपालिकाहरु र गाउँपालिकाहरु ।

## आ.व.२०७६/२०७७ मा सञ्चालन भएका परियोजनाहरु

- सामुदायिक झोलुङ्गे पुल
- सामुदायिक रुपान्तरणका लागि खानेपानी सरसफाई तथा स्वच्छता (WASH) परियोजना साथै कोभिड-१९ रोकथाम तथा प्रतिकार्य परियोजना
- पशु वस्तुको मुल्य श्रृंखलामा आधारित साना किसानहरुको संस्था सवलिकरण परियोजना (SLVC-II)

सुरक्षित आप्रवासन परियोजना (SAMI)

- जलवायु अनुकुलनका लागि तले खेति परियोजना ( LFA P )
- हिकोडेफका मित्रहरु द्धारा छात्रावृत्ति कार्यक्रम (FOH)
- कोरोना भाइरसको समस्याबाट बच्न राहत सहयोग कार्यक्रम

## १. सामुदायिक झोलुङ्गे पुल

### १. पृष्ठभुमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले सरकारी तथा गैर सरकारी स ंघ संस्थासँगको साझेदारीमा संचालन गरेको कार्यक्रमहरु मध्ये **"सामुदायिक झोलुङ्गे पुल कार्यक्रम"** पनि एक हो । सामुदायिक झोलुङ्गे पुल स्थानीय समुदायद्धारा पुलको आवश्यकता महशुस गरी समस्याको विश्लेषण सहित आवश्यक स्रोत साधनको पहिचान गरी स्थानीय समुदायको अगुवाई तथा व्यवस्थानपनमा पुल निर्माण गरिन्छ । यस कार्यक्रमले समुदायको स्वामित्व बोध गराई पुलको मर्मत संभार रेखदेखमा समेत स्थानीयको सहभागिता सुनिश्चित गराउनेछ जसले गर्दा पुलको दिर्घकाल सम्म समुदायलाई जिवन यापनको लागि आवश्यक सेवा सुविधाको पहुचमा सहज ल्याउँछ ।

निर्माण कार्य सम्पन्न हुप्सेकोट २ को छिन्दीघाट स्टील ट्रस पुल





झोपु. निर्माण क्रममा सार्वजनिक समिक्षा कार्यक्रम

तत्कालिन् जिल्ला विकास समिति नवलपरासीको सहयोगमा हिमालयन सामुदायिक विकास मञ्चद्धारा संचालित यस कार्यक्रम सन् २००६ देखि हालसम्म देशको संघिय संरचना अनुसार नवलपरासी व.सु.पूर्व जिल्लाभरीको चार गाउँपालिकाहरु र चार नगरपालिकाहरु गरी जम्मा आठवटा पालिकाहरु र नवलपरासी व. सु. पश्चिमको पालिकाहरुको कार्यक्षेत्रमा गा.पा./न.पा. को सहयोगमा संचालन हुदैं आईरहेको छ । हिकोडेफले यस बर्ष सम्पन्न गर्ने गरी १५ वटा झो.पु.हरुको कार्यादेश पाएकोमा हाल विश्वव्यपी रुपमा फैलिरहेको कोरोना भाइरसको कारण स्थानीय स्तरमा परिचालित भई काम गर्न नपाईने गरी भएको पुरै बन्दाबन्दीले गर्दा हाल जम्मा ६ वटाको निर्माण कार्य सम्पन्न भई समुदायमा हस्तान्तरण समेत भएको छ भने बाँकी पुलहरुको सम्झौता गरी क्रमागत रुपमा रहेका छन् । साथै यसै बर्ष नवलपरासी व.सु.पश्चिम जिल्लामा नयाँ निर्माणको लागि ८ वटाको सर्भे कार्य सम्पन्न भएका छन् । यस कार्यक्रम अर्न्तगत २०७६/०७७ मा सम्पन्न गरिएका क्रियाकलापहरुको प्रगति प्रतिवेदन यहाँ उल्लेख गरिएको छ ।

### २. झो.पु. निमार्ण प्रक्रिया तथा क्रियाकलाप

➢ <u>**निमार्ण पुर्व चरण**</u>

- गा.पा./न.पा. , TBSU/PTAP सँग संयुक्त रुपमा बसेर छलफल
- माग संकलन ।
- सामुदायिक भेला, उपभोक्ता समिति गठन ।
- सामाजिक मुल्यांकन तथा विस्तृत सर्वेक्षण ।
- सार्वजनिक सुनुवाई ।



निर्माण कार्य सम्पन्न हुप्सेकोट ४ को स्वामीघाट झो. पुल

CONFIDENTIAL



निर्माणका लागि राखिएको स्टील

- पुलको डिजाईन, ईस्टिमेट,नक्शा तयार ।
- पुलको डिजाईन, ईस्टिमेट,नक्शा स्वीकृति ।
- गाउँपालिका/नगरपालिका र उपभोक्ता समितिवीचको सामुदायिक सम्झौता ।
- नमुना झो.पु. तालिम ।

➢ **निमार्ण चरण**

- स्थानीय सामाग्री संकलन देखि पुलको सम्पुर्ण जडान सम्पन्न गर्ने सम्मको कार्य ।
- अभिलेख तथा लेखा र योजना खाता अध्यावधिक(सामाजिक तथा प्राविधिक कार्य)
- **सार्वजनिक समिक्षा ।**
  टावर निर्माण, लट्ठा तान्ने र कंक्रिट सम्पन्न भएपछि अघिल्लो चरणमा गरेका कृयाकलापरुको सार्वजनिक समिक्षा भएको ।

➢ **निमार्ण पछिको चरण :**

- पुलको अन्तिम जाचँपास र कार्य सम्पन्न प्रमाण पत्र ।
- **सार्वजनिक लेखापरिक्षण ।**
- नियमित मर्मतसंभार समिति गठन ।
- पुल निमार्ण पश्चात समुदायमा पारेको असर अध्ययन ।



सार्वजनिक लेखा परीक्षण कार्यक्रम गर्दै

**३. लक्ष्य**

विशेष गरी ग्रामीण क्षेत्रमा सामाजिक विकासको रुपमा पछाडि परेका विपन्न एवम् वञ्चितमा परेका सीमान्तकृत समुदायको विकास एवम् सशक्तीकरणका माध्यमबाट उपलब्ध श्रोत, साधन, सेवा सुविधामा पहुंच, निर्णय प्रकृयामा सहभागिता, नियन्त्रण सृजना गरी सेवा प्रदायकलाई समुदायको हितमा हुने विकास कार्यमा प्रभाव पार्दै उत्तरदायी एवम् प्रभावकारी रुपमा सेवा प्रदान गरी समुदायको विकास निर्माण कार्यमा सहयोग पुर्‍याउने ।

**४. उद्देश्यहरु**

- ग्रामीण क्षेत्रमा सामाजिक विकासकारुपले अति विपन्न र वञ्चितिमा परेका समुदायको झो.पु.को माग संकलन गरी ती समुदायको विकास निर्माण कार्यमा सहयोग गर्ने ।
- योजना तर्जुमा, प्राथमिकिकरण, कार्यान्वयन गरी गा.पा./न.पा.मा पठाई कार्यक्रमलाई अगाडि बढाउने ।

- गा.पा./न.पा. एवम् अन्य सरकारी, गैर सरकारी संस्थाले वढि समावेशी, नीति र तिनको काम गर्ने तरिका, ब्यावहार, शैली, प्रवृतिमा सकारात्मक परिवर्तन ल्याई संस्थागत, नीतिगत, कानुनी एवं संरचनागत सुधार एवं परिवर्तन ल्याउन सक्षम वनाउने ।
- सामाजिक विकास निर्माण प्रति समुदायको दायित्व र कर्तव्य निर्वाह गर्ने भूमिका वारे सचेत गराउने ।




N Type पुल निर्माणमा सिकाउँदै प्राविधिकहरु

- समुदायलाई झो.पु. निर्माण प्रक्रिया बारे जानकारी गराई सामाजिक तथा प्राविधिक सहयोग गरी विकास निर्माण कार्यलाई सबल र सक्षम तरिकाले अगाडि बढाउन प्रेरित गराउने ।

## ५. संम्पन्न गरिएका क्रियाकलाप तथा प्राप्त उपलब्धीहरु

- सन् २००६ देखी हाल सम्म जम्मा ३३ वटा झो.पुहरु निर्माण सम्पन्न गरिएको छ ।
- यस कार्यक्रम आ.व. २०७६/०७७ मा ६ वटा झो.पु.हरु निर्माण कार्य सम्पन्न गरि समुदायलाई हस्तान्तरण भयो ।



निर्माण स्थलमा राखिएको होर्डिङ्ग बोर्ड

| क. स | झो.पु.को नाम | ठेगाना | जि नवलपरासी | प्रकार | लम्वाई |
|---|---|---|---|---|---|
| 1 | छिन्दीघाट ट्रस पुल | हुप्सेकोट २ | पूर्व | स्टील ट्रस | ३२ मिटर |
| 2 | जावुघाट ट्रस पुल | हुप्सेकोट २ र ५ | पूर्व | स्टील ट्रस | ३२ मिटर |
| 3 | स्वामीघाट झो.पु. | हुप्सेकोट ४ | पूर्व | D टाईप | ६९ मिटर |
| 4 | धौलाबसेनी झो.पु. | हुप्सेकोट ५ | पूर्व | D टाईप | ९२ मिटर |
| 5 | चुहानथरघाट झो.पु. | हुप्सेकोट ४ | पूर्व | D टाईप | ५० मिटर |
| 6 | फर्साघाट झो.पु. | कावासोती १७ | पूर्व | N टाईप | ५३ मिटर |

- सामुदायिक सम्झौता भई आ.व. २०७७/०७८ सम्पन्न गर्ने गरी क्रमागत रुपमा रहेका ९ वटा पुलहरु, जस मध्य ७ वटा पुलहकरुले पहिलो किस्ता रकम प्राप्त गरेका छन् ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | जि नवलपरासी | प्रकार | लम्बाई |
|---|---|---|---|---|---|
| 1 | रकुवाखोला | बौंदीकाली गा.पा.३ र ४ | पूर्व | स्टील ट्रस | ३२ मिटर |
| 2 | चवार्दी खोला | बौंदीकाली गा.पा. ६ | पूर्व | D टाईप | ६० मिटर |
| 3 | भिरको टोपी घाट | बौंदीकाली गा.पा. ४ | पूर्व | D टाईप | ९९ मिटर |
| 4 | कुखुरेजोरखोला | बुलिङटार गा.पा. ३ | पूर्व | D टाईप | ५७ मिटर |
| 5 | दोभानघाट | बुलिङटार गा.पा. ५ | पूर्व | स्टील ट्रस | ३२ मिटर |
| 6 | पानीघट्ट | बुलिङटार गा.पा. ४ | पूर्व | D टाईप | ७१ मिटर |
| 7 | धोब्लेघाट | विनयीत्रिवेणी गा.पा. ५ | पूर्व | N टाईप | ९९ मिटर |
| 8 | बोझाघाट | मध्यविन्दु न.पा. १३ | पूर्व | N टाईप | ३२ मिटर |
| 9 | गंगाबुद्ध | बर्दघाट न.पा. १४ | पश्चिम | स्टील ट्रस | ३२ मिटर |

- यसै आ.व. २०७७/०७८ सम्पन्न गर्ने गरी ८ वटा झो.पु.को नयाँ सर्वेक्षणको काम सम्पन्न भएको छ ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | प्रदेश | कैफियत |
|---|---|---|---|---|
| 1 | शंकरपुर झो.पु. | पाल्हीनन्दन १ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |
| 2 | बेलासपुर झो.पु | पाल्हीनन्दन ३ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |
| 3 | चारघरेघाट | सुवल १ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |
| 4 | दुर्गा मन्दिर जाने बाटो | बर्दघाट न.पा. १४ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |
| 5 | धनेवा खोला झो.पु. | बर्दघाट न.पा. १३ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |
| 6 | बिजयपुर झो.पु. | बर्दघाट न.पा. ११ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |
| 7 | टिसिएन घाट | बर्दघाट न.पा. ४ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |
| 8 | बितैयाघाट | बर्दघाट न.पा. ४ | ५ नं प्रदेश | नवलपरासी पश्चिम |

**थप नयाँ सर्भेका लागि प्रस्ताव गरिएको झो. पु.हरु**

१. बौंदीकाली गा.पा.मा ३ वटा
२. बुलिङटार गा.पा.मा ३ वटा
३. हुप्सेकोट गा.पा मा ३ वटा
४ देवचुली न.पा.मा २ वटा
५. सरावल गा.पा.मा १ वटा
६. रामग्राम न.पा.मा २ वटा
७. सुनवल न.पा.मा १ वटा

## ६. समस्याहरु

- विश्वव्यापीरुपमा फैलिरहेको कोरोना भाइरस माहामारी को रोकथामका कारण नेपाल सरकारले गरेका बन्दाबन्दीकाले गर्दा सम्पन्न गर्न तय गरिएको योजना अनुसारको १छ वटा निर्माण कार्य मध्य ६ वटा मात्रै पुरा गरिएको ।
- स्थानीय निकायहरुबाट समयममा नै फेब्रिकेशनको काम र सामाग्री उपलब्धता नहुँदा समेत कार्य सम्पादनमा ढिलाई भएको ।
- फरक फरक पालिकाहरु भएको हुँदा कार्यक्रम प्रतिको बुझाईमा समस्या आएकोले क्रियाकलाप गर्दा कार्य गर्न अन्यौलता आएको र जसले गर्दा काममा ढिलासुस्ती भएको ।
- पालिका हरुले रकम विनियोजन नगर्दा समयमा रकम भुक्तानी नभएको र समुदायमा कामदारलाई समस्या परेको ।

- हुप्सेकोट गा.पा.को स्वामीघाट र चुहानथरघाट झो.पु.को लट्ठा लिन जाने क्रममा गाडी दुर्घटना हुँदा स्वामीघाट अध्यक्ष डिल बहादुर पाटा मगर गम्भिर घाईते भई सघन उपचारमा भएको , कामदार खर्ग बहादुर कानुङको र चुहानथरघाटको सचिव लालमाया चुहान मगरको घटनास्थलमा नै मृत्यू भएको ।
- केन्द्रबाट पालिकामा पुरा रकम प्राप्त नहुँदा संस्थाको र स्थानीयको भुक्तानी रोकिँदा कामदारहरुको जीविकोपार्जनमा कठिनाई आएको ।

**७. सुझावहरु**

- गा.पा. ⁄ न.पा.ले गर्नुपर्ने कार्यहरु समयमा नै गर्नुपर्ने ।
- निर्माण कार्य वर्षा भन्दा अगावै सक्ने योजना बनाउने ।
- कार्य प्रणलीमा एकरुपता ल्याउन सबै गा.पा. ⁄ न.पा.हरुसँगको संयुक्त बैठक गोष्ठी गर्नु पर्ने ।
- स्थानीय कामदार तथा कर्मचारीहरुलाई अति आवश्यक स्वास्थ्य सुरक्षाका न्यूनतम मापदण्ड अपनाई काम लगाउने र सम्भव भए सम्म स्वास्थ्य सुरक्षाका कीटहरु उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।

**८. खण्डीकृत विवरणहरु अनुसूची १ मा राखिएको छ ।**

## २. सामुदायिक रुपान्तरणका लागि खानेपानी सरसफाई तथा स्वच्छता (WASH) परियोजना साथै कोभिड-१९ रोकथाम तथा प्रतिकार्य परियोजना

**१. पृष्ठभुमि**

प्रारम्भिक कार्यशाला गोष्ठी

एक्शन अगेन्स्ट हंगरको आर्थिक सहयोग र बौदिकाली गाउँपालिकाको साझेदारीमा हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ)ले बौदिकाली गाउँपालिकामासामुदायिक रुपान्तरणका लागि खानेपानी,सरसफाई तथा स्वच्छता परियोजना १ जनवरी, २०२० देखि २१ मार्च २०२१ सम्म संचालन गर्दै आएको छ । यस कार्यक्रमको प्रमुख उद्देश्यरअपेक्षित प्रभाव बौदिकाली गाउँपालिकाका सिमान्तकृत समुदायहरुको स्वास्थ्य स्थिति प्रवर्द्धन गर्नका लागि योगदान पुर्याउनु हो । साथै खाने पानी, सरसफाई तथा स्वच्छताको ज्ञान र सुविधाबाट व्यक्तिहरुको स्वास्थ्य प्रवर्द्धन गर्ने र आधारभूत सर्वेक्षणबाट देखिएका खानेपानी, सरसफाई तथा स्वच्छताको कमिले लाग्ने रोगहरु१.५ % ले कम गर्ने साथै आधारभूत खानेपानी, सरसफाई तथा स् वच्छता सुविधाहरु प्राकृतिक प्रकोप उत्थानशिल र सुरक्षित गराउने रहेको छ ।




यस परियोजना अन्तर्गतको नतिजा १ अनुरुप २०० घरधुरीले बहु प्रयोग खानेपानी प्रणाली (:ग्क) को अभ्यास गर्नेछन र करेसाबारी स्थापना गरि आहार विविधताको सुनिस्चितता बन्नेछ भन्ने रहेको छ । त्यसैगरि नतिजा २ मा परियोजनाको अन्त्यसंगै कम्तिमा १००० जनसंख्यामा सुरक्षित खानेपानीको पहुँच पुग्ने छ . नतिजा ३ मा कम्तिमा २५०० किशोरी र महिलाहरुलाई उपयुक्त स्वास्थ्य वातावरण र पूर्वाधारहरु निर्मित हुनेछ जसका कारण उनीहरुको सार्वजनिक स्थलहरुमा (विद्यालय, स्वास्थ्य चौकी आदि ) गोपनियताको सुनिस्चितता कायम हुनेछ . यसैगरि परियोजनाको नतिजा ४ मा समुदायका बालबालिका र स्तनपान गराउने महिलाहरुमा दुषित खानेपानीबाट लाग्ने रोगहरु कम हुने छ भन्ने रहेको छ । हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको महामारीका कारण सामुदायिक स्तरमा भेला गराई तालिम वा अन्य तवरले परिचालित हुन नमिल्ने भएका कारण र कोरोना रोकथाम र प्रतिकार्यका लागि जुट्न अत्यावस्यक भएको हुनाले वाश परियोजना मार्च को अन्तिम साता बाट रोकी जून महिनादेखि अर्को परियोजना कोरोना रोकथाम र प्रतिकार्यमा वाश टिम एकजुट रहेको छ । यस वाश र कोरोना रोकथाम र प्रतिकार्य परियोजना अन्तर्गत २०७६र२०७७ मा सम्पन्न गरिएका क्रियाकलापहरुको प्रगति प्रतिवेदन यहाँ उल्लेख गरिएको छ ।

## २. वाश परियोजनाका क्रियाकलापहरु

<u>परियोजना औपचारिक रुपले संचालन गर्नु पुर्व चरण</u>

- परियोजनाका निम्ति ३ कर्मचारी छनोट जसमा एक जनस्वास्थ्य अधिकृत, एक सब( इन्जीनियर र एक कार्यालय सहयोगी रहनु भएको छ साथै छनोट पश्च्यात कर्मचारीहरुलाई परियोजनाको अभिमुखीकरण समेत गरिएको छ ।
- बौदिकाली गाउँपालिकामा फिल्ड अफिस राखी सेट अप समेत गरिएको छ
- ए सि एफ बाट वाश टिमलाई ३ दिने विस्तृत कार्यान्वयन योजना गोष्ठी र विस्तृत कार्यान्वयन योजना सम्पन्न
- बौदिकाली गाउँपालिकामा १ दिने प्रारम्भिक कार्यशाला गोष्ठी सम्पन्न

**<u>परियोजना औपचारिक रुपले संचालन चरण</u>**

- स्थानीय निकाय र सरोकारवालाहरुसंगको सहकार्य
- सरसफाई र स्वच्छता सत्रका लागि छनोट मापदण्डको निर्माण
- विद्यालय र बाल क्लबका लागि सरसफाई र स्वच्छता सत्रका निर्देशिका तयार
- वास सुविधाहरु निर्माणका लागि १० सरकारी विद्यालयहरुको छनोट
- बाल क्लब संचालन निर्देशिका तयार

- ❖ स्वयम् सेविका छनोट र अभिमुखीकरण सत्रका लागि निर्देशिका तयार
- ❖ विद्यालयमा खानेपानी, सरसफाई र स्वच्छता २ सत्र संचालन
- ❖ खानेपानी उपभोक्ता भेला
- ❖ खानेपानी योजना निर्माणका लागि वडा स्तरिय भेला संचालन



खानेपानी सरसफाई र स्वच्छताबारे अभिमखीकरण



विद्यालय छोनोटका लागि प्र.अ संगको बैठक

## ३. कोभिड(१९ रोकथाम र प्रतिकार्य परियोजनाका क्रियाकलापहरु

- ❖ बौदिकाली गाउँपालिकामा रुघाखोकी सम्बन्धि हेल्प डेस्क स्थापनामा सहयोग
- ❖ कोरोना प्रतिकार्य परियोजनाबारे १ दिने तालिम
- ❖ एसिएफबाट प्राप्त  राहत सामग्रीहरुको पुन प्याकेजिंग र व्यवस्थापन
- ❖ विभिन्न पालिकामा भएको क्वारेंटिनमा रहेकाहरुलाई स्वच्छता किट र अन्य सामग्रीहरु वितरण . जुलाई को अन्त्य सम्ममा ६८ क्वारेंटिनमा सामन वितरण गरिएको ।
- ❖ नवलपरासी पूर्व जिल्लामा रहेका स्वास्थ्य संस्थाहरु र स्वास्थ्य शाखाहरु गरि ५१ ओटामा PPE लगायत अन्य सामग्री वितरण गरि छोटो अभिमुखीकरण समेत गरिएको ।
- ❖ बहुउद्धेश्य नगद अनुदान वितरणका लागि कावासोती नगरपालिकाको निम्ति महाराजा बहुउद्धेश्य सहकारी संस्था र मध्यबिन्दु नगरपालिकाको लागि अरुणज्योति सहकारी संस्था छनोट गरि वितरणका प्रक्रियाबारे बैठक सम्पन्न गरिएको ।
- ❖ जुलाई १६ देखि २० सम्ममा कावासोती नगरपालिकामा २५० जना व्यक्तिहरुलाई नगद अनुदान वितरण गरिएको साथै मध्यबिन्दु नगरपालिकामा जुलाई २५ र २६ मा २६१ जना व्यक्तिहरुलाई नगद अनुदान वितरण गरिएको ।




बौदिकाली गाउँपालिकामा हेल्प डेस्क स्थापना  स्थापना



क्वारेंटिनमा रहेकाहरुलाई स्वस्छता किट र अन्य सामग्रीहरु वितरण

## ४. सम्पन्न गरिएका क्रियाकलाप तथा उपलब्धिहरु

❖ वाश र कोरोना रोकथाम तथा प्रतिकार्य परियोजना अन्तर्गत जुलाईको अन्त्य सम्म निम्न क्रियाकलापहरु सम्पन्न भएका छन् :

- मार्च महिनामा खानेपानी, सरसफाई र स्वच्छता अन्तर्गत एकै विद्यालयमा २ ओटा सत्र सम्पन्न गरिएको छ

| क्र. स | विद्यालयको नाम | ठेगाना | कक्षा | सत्र/ अभिमुखीकरण |
|---|---|---|---|---|
| १ | श्री बेलभंज्याङ्ग माध्यमिक विद्यालय | बौदिकाली गाउँपालिका-३ रकुवा | ५, ६ र ९ | पानी प्रदुषण, पानी जन्य रोगहरु , खानेपानी शुद्धिकरण विधि,हात धुने तरिका, फोहोर मैला व्यवस्थापन तथा महिनावारी स्वच्छता |

- वाश सुविधाहरु निर्माणका लागि १० सरकारी विद्यालयहरुको छनोट

| क्र स | विद्यालयको नाम | क्र. स | विद्यालयको नाम |
|---|---|---|---|
| १ | बालकल्याण आधारभूत विद्यालय | २ | सिद्धिविद्याश्रम आधारभूत विद्यालय |
| ३ | सारदा आधारभूत विद्यालय | ४ | सर्वप्रिय आधारभूत विद्यालय |
| ५ | उदय आधारभूत विद्यालय | ६ | धर्मात्मा माध्यमिक विद्यालय |
| ७ | बेलभंज्याङ्ग माध्यमिक विद्यालय | ८ | नगरडाडा माध्यमिक विद्यालय ‘क’ |
| ९ | नगरडाडा माध्यमिक विद्यालय ‘ख’ | १० | डेडगाउँ माध्यमिक विद्यालय |

नोट- कोरोना महामारी पूर्व १० विद्यालय छानिएपनि, महामारी पछी वाश परियोजनाको बजेट कटौतीका कारण पहिले छानिएका १० विद्यालयमध्य अब अगष्ट मा ७ वटा छान्ने काम बाँकी रहेको छ ।

- विभिन्न पालिकामा भएको क्वारेंन्टिनमा रहेकाहरुलाई स्वच्छता किट र अन्य सामग्रीहरु वितरण । जुलाई को अन्त्य सम्ममा ६८ क्वारेंन्टिनमा सामन वितरण गरिएको ।

| क्र. स | पालिकाको नाम | क्वारेंटिन संख्या | क्र. स | पालिकाको नाम | क्वारेंटिन संख्या |
|---|---|---|---|---|---|
| १ | कावासोती नगरपालिका | २० | २ | मध्यबिन्दु नगरपालिका | २४ |
| ३ | हुप्सेकोट गाउँपालिका | ४ | ४ | देवचुली नगरपालिका | ७ |
| ५ | गैंडाकोट नगरपालिका | ६ | ६ | विनयीत्रिबेणी गाउँपालिका | १ |
| ७ | बौदिकाली गाउँपालिका | ६ | कुल क्वारेंटिन सहयोग संख्या | | ६८ |

❖ नवलपरासी पुर्व जिल्लामा रहेका स्वास्थ्य संस्थाहरु र स्वास्थ्य शाखा गरि ५१ वटा मा PPE लगायत अन्य सामग्री वितरण गरि छोटो अभिमुखीकरण समेत गरिएको ।

| क्र. स | पालिकाको नाम | सहयोग भएका स्वास्थ्य संस्था | क्र. स | पालिकाको नाम | सहयोग भएका स्वास्थ्य संस्था |
|---|---|---|---|---|---|
| १ | कावासोती नगरपालिका | ७ | २ | मध्यबिन्दु नगरपालिका | ८ |
| ३ | हुप्सेकोट गाउँपालिका | ४ | ४ | देवचुली नगरपालिका | ६ |
| ५ | गैंडाकोट नगरपालिका | ६ | ६ | विनयीत्रिबेणी गाउँपालिका | ५ |
| ७ | बौदिकाली गाउँपालिका | ६ | ८ | बुलिंगटार गाउँपालिका | ७ |
| ९ | स्वास्थ्य कार्यालय, नवलपरासी पुर्व | १ | १० | प्रशासन कार्यालय, नवलपरासी पुर्व | १ |
| कुल सहयोग गरिएका स्वास्थ्य संस्था | | | ५१ | | |

❖ बहुउद्धेश्य नगद अनुदानको विवरण

जुलाई सम्ममा बहुउद्धेश्य नगद अनुदान वितरणका लागि कावासोती नगरपालिकाको निम्ति महाराजा बहुदेश्य सहकारी संस्था र मध्यबिन्दु नगरपालिकाको लागि अरुणज्योति सहकारी संस्था छनोट गरि वितरणका प्रक्रिया सम्पन्न गरिएको छ ।

| क्र. स | पालिकाको नाम | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|
| १ | कावासोती नगरपालिका | २५० | |
| २ | मध्यबिन्दु नगरपालिका | २६१ | |
| | कुल लाभान्वित संख्या | ५११ | |



स्वास्थ्य संस्थामा PPE लगायत अन्य सामग्री सहयोग

## ५. समस्याहरु

❖ कोरोना भाइरसको महामारी कारण पूर्णरुपले बन्दाबन्दी हुदा नियमित वाश परियोजनामा असर पर्न गएको छ जसकारण तय गरिएको निर्धारित समयमा लक्ष प्राप्तिमा कठिनाई देखिएको छ ।

❖ वर्षायामका कारण कोरोना रोकथाम तथा प्रतिकार्य कार्यक्रम संचालन गर्दा यातायातमा समस्या देखिएको ।

❖ यस महामारीको बखत सबै तिरबाट सामग्रीको धेरै आशा र माग बढि रहेको जसमा राहतको आवश्यकता नभएको वर्गहरुबाट पनि राहतको माग देखिएको

## ६. सिकाईहरु

❖ आपतकालीन अवस्थाका लागि सबै पहिले नै सजग हुनु पर्ने ज्ञान

❖ महामारीको बेला आफु सुरक्षित रही अरुलाई पनि कसरी सुरक्षित बनाउने भन्ने बारे शिप

❖ छोटो समयमा पनि राम्रो तयारी र कार्यटोली रहेमा काम सु-सम्पन्न गर्न कठिनाई नपर्ने कुरा

❖ नयाँ सामान्य जीवन कसरी निर्वाह गर्ने र गर्न सिकाउने भन्ने बारे जानकारी

## ७. लाभान्वित वर्गहरु

❖ खानेपानी, सरसफाई र स्वच्छता अन्तर्गत एकै विद्यालयमा २ ओटा सत्रका लाभान्वित वर्गहरु -

| जातीय विवरण | लाभान्वित संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| दलित | १ | २ | ३ |
| जनजाती | १७ | २० | ३७ |
| ब्रामण, क्षेत्रि, ठकुरी | ३ | ४ | ७ |
| जम्मा | २१ | २६ | ४७ |

❖ विभिन्न पालिकामा भएको क्वारेंटिनमा रहेकाहरुलाई स्वस्छता किट र अन्य सामग्रीहरु वितरणबाट लाभान्वित वर्गहरु -

| क्र. स | पालिकाको नाम | लाभान्वित संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | कावासोती नगरपालिका | १८ | १२५ | १४३ |
| २ | मध्यबिन्दु नगरपालिका | १७७ | २८ | २०५ |
| ३ | हुप्सेकोट गाउँपालिका | ३ | ५१ | ५४ |
| ४ | देवचुली नगरपालिका | ३ | ३३ | ३६ |
| ५ | गैंडाकोट नगरपालिका | ८ | ३५ | ४३ |
| ६ | वनयीत्रिबेणी गाउँपालिका | ० | ११ | ११ |
| ७ | बौदिकाली गाउँपालिका | २ | ६१ | ६३ |
| | कुल सहयोग | २११ | ३४४ | ५५५ |

❖ बहुदेश्य नगद अनुदानको लाभान्वित वर्गहरु -

| क्र. स | पालिकाको नाम | जातीय विवरण | लाभान्वित संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | कावासोती नगरपालिका | दलित | २३ | ५० | ७३ |
| | | जनजाती | १९ | ९३ | ११२ |
| | | ब्रामण, क्षेत्रि, ठकुरी | १६ | ४९ | ६५ |
| | | **जम्मा** | ५८ | १९२ | २५० |
| २ | मध्यबिन्दु नगरपालिका | दलित | २२ | ३२ | ५४ |
| | | जनजाती | ८२ | ७५ | १५७ |
| | | ब्रामण, क्षेत्रि, ठकुरी | ३० | २० | ५० |
| | | **जम्मा** | १३४ | १२७ | २६१ |

## ३. पशु वस्तुको मुल्य श्रृंखलामा आधारित साना किसानहरुको संस्था सवलिकरण परियोजना (SLVC-II)

**परियोजनाको पृष्ठभूमि/परिचय :**

तत्कालिन गाउँ विकास समितिका हरेक घर परिवार नछुट्ने र नदोहोरिने नीति सहित महिला समुह गठन गरी



*लेकवेशी सहकारीको वार्षिक साधारण सभाको उद्घाटन गर्दै संघिय र प्रदेश सांसद र गाउँपालिकाका उपाध्यक्ष,*

ती समुहहरु मार्फत महिलाहरुको शसक्तिकरण, आय आर्जन, दुध तथा खसी बोकाको आयात निश्चित प्रतिशतमा प्रतिस्थापन गर्ने उद्देश्य सहित सञ्चालन भएको साना किसान उद्यमी सवलिकरण परियोजना ( बीख्क्ष्(क्ष) को कार्यक्षेत्रमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने पहिलो परियोजनाको लक्ष्य प्राप्त भएको मानी साना किसानहरुको उक्त उत्पादन लाई बजार सम्म पुर्‍याउन सहजीकरण गर्ने उद्देश्यले चालु परियोजनाको अवधारणा अगाढी बढाईएको हो । पहिलो परियोजनाबाट नै सुरुवात भएको कृषि उपज, खसि बोका, दुध र अन्य उत्पादनहरुको सहकारीहरु मार्फत बजारीकरणको अभ्यास लाई संस्थागत वनाउने र प्रणालीको रुपमा त्यसलाई मान्यता प्रदान गरी स्थापित गर्ने उद्देश्य सहित दाश्रो परियोजनाको शुरुवात भएको हो । बर्तमान बजार प्रणालीमा किसान (उत्पादक) र बजार प्रतिनिधि (संकलक) का बिचको सम्वन्धमा एक अर्कालाई कसरी कम पैसा दिने वा बढी पैसा कसरी लिने भन्ने बिचको तानतानको अवस्था बाट गुज्रीरहेको छ । जसले गर्दा कहिले किसानले उचित मुल्य पाउन सकेका छैनन त कहिले संकलक लाई लगानीको प्रतिफल प्राप्त भएको छैन । यी दुवै कुराले किसान लाई उत्पादन गर्न उत्प्रेरित गर्नु र संकलक लाई ती किसान संग मोलमोलाई गरी उत्पादन खरिद गर्नु को सट्टामा उनिहरु संग व्यवहार गर्नमा निरुत्साहित गरि रहेको हुन्छ । जसको एक मात्र विकल्प कलेक्टिभ मार्केटिंग नै हो, जुन सहकारीहरुले गर्ने प्रयास गरिरहेका छन् । किसानको उत्पादनको उचित मुल्य पाउने सुनिश्चितताले किसानलाई उत्पादनमा प्रेरित गर्दछ । र संकलक प्रतिनिधिले पनि उतपादन खरिद गर्नका लागि धेरै ठाउँमा डुलेर अतिरिक्त लगानी गर्नुको सट्टा एउटा केन्द्रबाट माल को मोल अनुसार खरिद गरी नियमानुसारको मुनाफा राखी कारोबार गर्दछ । र त्यसैले पनि यो प्रणाली नै सवैका लागी न्यायीक हुन्छ भन्ने बुझाई अहिले छर्लङ्ग भएको छ र यो परियोजनाको सहजीकरण सिधा हेर्दा बजारीकरण र सहकारीको संस्थागत विकासमा सघाउने देखिए पनि अप्रत्यक्ष रुपमा उत्पादन र उत्पादकत्वमा पनि सकारात्मक असर पार्नका लागि भूमिका खेलिरहेको छ भन्ने दावी गर्न सकिन्छ।

यो परियोजना लाई पशु वस्तुको मुल्य श्रृंखलामा आधारित साना किसानहरुको संस्था सवलिकरण परियोजना भनिएको छ । तर यस परियोजनाले समग्र उत्पादनको बजारीकरण, वित्तिय सेवामा पहुँच सहकारी मार्फत व्यवसाय विकासका सेवाहरु प्रदान, शेयर सदस्यहरुको उत्पादनमा सहयोग लगायतका अन्य विभिन्न बिधामा पनि सहयोग र समन्वय गरिरहेको छ । यस परियोजनामा स्थानीय सरकार प्रादेशिक सरकार र संघिय सरकारहरुबाट समेत लागत सहभागिता जुटाउने र सहकारीहरुको संस्थागत विकास उत्पादनमा आधारित विभिन्न किसिमका अनुदानहरु र अन्य विभिन्न किसिमका सहयोग ल्याउने विषयमा समन्वय गरिएको छ ।



*सहकारीले खसिबोका विक्रीका क्रममा संस्थाका सञ्चालक सदस्यहरुका साथमा कर्मचारी ,*

**उद्देश्य :**

यस परियोजनाका विभिन्न ५ वटा नतिजा लक्षित उद्देश्यहरु रहेको छन् जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- साना किसानहरुको संगठन सुदृढिकरण
- लक्षित मूल्य श्रृंखलामा मागमा आधारित आपूर्ति परिमाण गुणस्तर र नीयमितता
- बजार सम्वन्धमा सुधार
- लक्षित मुल्य श्रृंखलाका तहहरुमा बस्तुको मुल्य थप भएको
- लक्षित श्रृंखलाका क्षेत्रहरुमा सकारात्मक वातावरण सृजना भएको

**यस वर्ष सञ्चालन गरिएका क्रियाकलापहरु :**

| क्र.सं. | क्रियाकलाप | ईकाई | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| 1 | सहकारी अभिमुखिकरण | वटा | 1 | 1 | |
| 2 | समुह अगुवाहरुको सञ्जाल गठन तथा अभिमुखिकरण | वटा | 1 | 1 | |
| 3 | आधारशिला तालिम सञ्चालक समिति | वटा | 1 | 1 | |
| 4 | परियोजना व्यवस्थापन तथा समन्वय समिति (पि एम सि सि) वैठक | वटा | 7 | 3 | |
| 5 | पि एम सि सि का लागि आधारशिला तालिम | वटा | 1 | 1 | |
| 6 | समुह अगुवाहरुको सञ्जाल वैठक | वटा | 48 | 29 | |
| 7 | पि एम सि सि गठन तथा अभिमुखिकरण | वटा | 1 | 1 | |
| 8 | सहकारी क्षमता मापन कार्यशाला | वटा | 1 | 1 | |
| 9 | सहकारीको क्षमता मापन कार्यशालाको समिक्षा | वटा | 6 | 6 | |
| 10 | व्यवसायिक योजनाको समिक्षा | वटा | 2 | 2 | |
| 11 | अन्तर सहकारी अन्तरक्रिया कार्यक्रम जिल्ला स्तर | वटा | 2 | 1 | |
| 12 | व्यपारीहरु संगको वैठक | वटा | 6 | 6 | |
| 13 | पशु प्राविधिक संग संयुक्त वैठक | वटा | 11 | 9 | |
| 14 | सहकारी संकलित बजारीकरणको समिक्षा | वटा | 12 | 5 | |
| 15 | सहभागितामुलक स्व समिक्षा तथा योजना तर्जुमा | वटा | 1 | 1 | |
| 16 | सुधारिएको गाई भैंसी पालन तालिम | वटा | 1 | 1 | |
| 17 | व्यवसायिक योजना निर्माण कार्यशाला | वटा | 2 | 1 | |
| 18 | सहकारीका साना मझौला किसान सदस्यहरु संग समिक्षा वैठक | वटा | 3 | 3 | |
| 19 | सहकारीका नीति तथा नियमावलीहरुको अभिमुखिकरण | वटा | 6 | 4 | |
| 20 | डेरी पसल प्रवर्द्धन सहयोग कार्यक्रम (मिलान कोष) | पटक | 2 | 2 | |
| 21 | बाखा संकलन केन्द्र निर्माण मिलानकोष | पटक | 1 | 1 | |
| 22 | वार्षिक प्रतिवेदन प्रकाशन सहयोग | पटक | 6 | 3 | |
| 23 | डिजिटल तौल मेशिन (मोवाईल) | वटा | 8 | 8 | |
| 24 | स्थानीय श्रोत व्यक्ति परिचालन सहयोग | पटक | 12 | 12 | |
| 25 | सदस्यता बृद्धि अभियान | वटा | 76 | 11 | |
| **26** | **जम्मा** | | **218** | **114** | |

## लक्ष्य र उपलब्धीको विश्लेषण :

- यस वर्षको विस्तृत कार्यन्वयन योजनामा भएका २१८ वटा क्रियाकलाप मध्ये ११४ वटा ईभेन्टमात्र कार्यान्वयन सम्भव भएको छ, जसको कारण हो विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ अर्थात कोरोना भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले अव्हान गरेको लकडाउन र अफिसले लिएको वर्क फ्रम होम रणनीतिले भौतिक रुपमा कार्यस्थलमा उपस्थित भएर काम गर्न सकिएन । यद्यपी लकडाउनका बावजुत धेरै टाढैबाट गर्न सकिने कामहरु सम्पादन गरियो । लकडाउन खुल्नु पूर्व २.५ महिना पछि लगभग धेरै टाढा रहेका कर्मचारीहरु पनि कार्यालय र कार्यक्षेत्रमा उपस्थित भएर काम गर्ने निर्णय वमोजिम वर्क फ्रम होम बाट फिर्ता भएर धेरै कामहरु यस आर्थिक वर्ष भित्र सम्पन्न गर्न सम्भव भयो । यस अवधिमा माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भएका र पोष्टपोण्ड भएकाछन् । बजेटको योजना र खर्च पनि तल छुट्टै उल्लेख गरिएको छ

विभिन्न विधाबाट परियोजनाको विश्लेषण गर्दा, प्रतिकुल समयका वावजुद समग्रमा यस वर्ष परियोजना को लक्ष्य अनुसारको उपलब्धि हासिल गर्ने कुरामा परियोजनामा संलग्न टिम, लाभान्वित वर्ग र अन्य सवै सफल नै भएको निष्कर्ष निकालिएको छ ।

**मुख्य उपलब्धिहरु :**

- सहकारीहरुले विगतका वर्षहरु जस्तै यस वर्ष पनि खसिबोकाको नियमित खरिद र बिक्रीको कार्यलाई प्रतिकूल अवस्थाका बावजुद पनि निरन्तरता दिईरहे । यस वर्षको खसि बोका तथा बाखाको खरिद र बिक्रि योजना का विरुद्ध उपलब्धि निम्नानुसार रहेको छ ।

| क.सं | सहकारीको नाम | गत वर्षको उपलब्धि | यस वर्षको लक्ष्य | यस वर्षको उपलब्धि | (उपलब्धि प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | अरुणज्योती | २९०९ | २७६२ | २३२२ | ८४ |
| २ | लेकवेशी | २९८६ | ४०४३ | ३२६५ | ८० |
| ३ | मैनाघाट | ३७८ | ८३१ | २७१ | ३२ |
| ४ | हुप्सेकोट | ५४१ | ८४६ | ५१४ | ६० |
| ५ | जौवारी | ७७० | १०२९ | ९३२ | ९० |
| ६ | सकलादेवी | ० | ० | ६७ | ० |
| जम्मा | | ७५८४ | ९५१० | ७३७१ | |

- लेकवेशी सहकारीको कार्यालय भवन र बाखा संकलन केन्द्र वनेको छ । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १२ लाखको लागतमा कार्यालय भवन र गाउँपालिका हेफर ईन्टरनेशनल तथा परियोजनाको ५ लाख २६ हजार सहयोगमा बाखा संकलन केन्द्र निर्माण सम्पन्न भएको हो ।
- जौवारी सहकारीको कार्यक्षेत्रमा सहकारीले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना र मुख्यमन्त्री नमुना गाउँ कार्यक्रम संगको साझेदारीमा ८० वटा नयाँ खोर निर्माण गरेको छ । साना सिंचाईका लागि ट्यांकी निर्माण, पाईप लगायतका सामान वितरण गरिएको छ ।
- यस वर्ष सहकारीहरु मार्फत १०६८ बाखा २५१ गाई भैंसी र १९ वटा बंगुरको विमा गरिएको छ ।
- यस वर्ष सहकारीहरुको कार्यक्षेत्रमा १ करोड प्रत्यक्ष ऋण वितरण भएको छ । गत वर्ष ९४ लाख ५० हजार भएको हाल सम्म जम्मा १ करोड ९४ लाख ५० हजार पुगेको छ ।



*लेकवेशी सहकारी राष्ट्रिय र अन्तराष्ट्रिय सिकाई केन्द्रका रुपमा सिकाई आदान प्रदान पछि सामुहिक तस्विर ।*

- अघिल्लो वर्ष ५ वटा सहकारीका जम्मा ४६५६ जना परियोजनाबाट लाभान्वित भएकामा यस वर्ष असार मसान्त सम्म ६ वटा सहकारीका ५७२७ जना परिवार प्रत्यक्ष अप्रत्यक्ष लाभान्वित भएका छन् ।
- यो वर्ष संस्थाको सहजीकरणमा सहकारीहरुले विभिन्न संघ संस्थाहरुमा प्रस्तावना पेश गरी विभिन्न शिर्षकमा जम्मा रु ५३ लाख ८५ हजार १८१ रुपैया रकम बाह्य श्रोत प्राप्त गरेको छ ।
- यो वर्ष पनि सहकारीहरुले खसि बोका मात्र नभई तपसिल वमोजिमका अन्य उत्पादन तथा उत्पादन सहयोग सामाग्रीको खरिद तथा विक्रि गरेका छन् ।

| क.सं | सहकारीको नाम | खरिद विक्रि | परिमाण | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | गरेको वस्तु | | |
| १ | हुप्सेकोट सा.म.ब.स.स | अदुवा | ५८९१ | के.जी |
| | | कोदो | २५२५ | के.जी |
| २ | अरुणज्योती सा.उ.म.स.स | घाँस विरुवा | १९७५० | वटा |
| | | धानको विउ | २१००० | के.जी |
| ३ | जौवारी बहुउद्देश्यीय स.स. | सुन्तला | २६७४३ | के.जी |
| ४ | सकलादेवी सा.उ.म.स.सं | दुध | २६२२३० | लिटर |
| | | दाना चापट | २७६३४४ | के.जी |
| | | मल | २१०८० | के.जी |

- यस वर्ष सवै सहकारीहरुका विभिन्न ७ देखी ९ वटा नीतिहरु निर्माण गरी साधारणसभाबाट पारित गरि कार्यान्वयन चरणमा लगिएको छ ।
- यो वर्ष सहकारी र अन्य सरकारी कार्यालयको सहयोगमा किसान सदस्यहरुले व्यक्तिगत रुपमा छुट्टा छुट्टै गरी जम्मा ११ विगाहा ९ कठ्ठा क्षेत्रमा घाँस रोपण भएको छ ।
- हुप्सेकोट सहकारीको कार्यालयभवन निर्माण अन्तिमचरणमा पुगेको छ कोरोना भाईरसका कारण लकडाउनहुँदा फिनिसिंगका कामहरु बाँकी रहेका छन् ।

## समग्र सिकाई :



*लेकवेशी सहकारीको संकलन केन्द्रमा दशैंका वेला विक्रिका लागि तयार खसिबोकाहरु ,*

- वार्षिक योजनामा भएका बजेट तथा क्रियाकलापहरु जति सक्यो छिटो गरेर काम सकेर वस्न ठिक हुँदो रहेछ पछिको कुनै निशिचित नहुने रहेछ भन्ने सिकाई भएको छ । यस वर्ष कोरोनाका कारण केही क्रियाकलापहरु गर्न सकिएन ।
- हाम्रा लागि संधै भरी गर्ने हामीले नै हो संघ संस्था र परियोजना केही समयका लागि मात्र हो भन्ने महशुस गराउन आवश्यक छ भन्ने सिकाई भएको छ ।
- उपलब्धि हासिल गर्नका लागि समुह कार्य जरुरी छ, समुह कार्य नभएका ठाउँमा सफलता पनि आउँदैन ।
- सहकारीहरु आफैमा तथ्यांकमा आधारित भएन भने सहकारीमार्फत प्रस्तावना पेश गर्ने र बजारीकरणको योजना लक्ष्यमा पुग्न गाह्रे हुन्छ । तथ्यांकका लागि विभिन्न समुह अगुवा संजाल वैठक जस्ता संरचना लाई सहकारीले आत्मिकरण गर्न जरुरी छ भन्ने सिकाई भएको छ।
- यस पालिको महत्वपूर्ण सिकाई अन्तर्गत कोभिडका कारण भौतिक रुपमा उपस्थित हुन नसके पनि विभिन्न विद्युतिय माध्यमको प्रयोगबाट आवश्यक सहयोग परामर्श तथा मार्गदर्शन मार्फत सहजीकरण गरी सहयोग पुर्‍याउने कुरा पनि तुलनात्मक रुपमा सान्तोषजनक प्रभावकारी नै हुने रहेछ ।



*संस्थाले परियोजना मार्फत ग्रामिण महिलाको सर्वाँगिण विकासमा योगदान गरेको भन्दै संघिय सांसदबाट सम्मान ,*

## समग्र चुनौतीहरु :

- यस वर्षको सवै भन्दा ठूलो चुनौती कारोना भाईरस संक्रमण जोखिमका बिच कार्यक्रम

सम्पन्न गर्ने दवाव रह्यो ।

- प्रतिकुल अवस्थाका कारण सहकारीहरुले विभिन्न निकाय बाट प्राप्त गरेका अनुदान तथा कार्यक्रमहरु को कार्यन्वयन र फरफारक गर्ने विषय चुनौतिपूर्ण भयो ।
- विभिन्न क्षेत्रमा लगानीगर्न लिएको ऋणको सदुपयोगिताको सुनिश्चितता गर्ने कार्य चुनौति पूर्ण छ ।
- बाहिरबाट आएका ठूला बैंक, लघु वित्त तथा वित्तिय संस्थाहरुसंग प्रतिश्पर्धा गर्न साना किसानहरुको सहकारी लाई तुलनात्मक रुपमा अपठ्यारो छ ।

## भावी योजना :

सर्वप्रथम त यस वर्ष कोरोना महामारीका कारण लक्ष्य गरिएका कार्यक्रम हरु के कसरी र कहिले गर्न सकिने हो वा होईन भन्ने निश्चित छैन यद्यपी हेफर साझेदारी तर्फ आगामी वर्षका लागि २६ लाख र सहकारी को आन्तरिक श्रोत र विभिन्न सरकारी तथा अन्य निकायबाट साझेदारीमा गरी ११ लाख जती बराबरका अघिल्ला वर्षमा गरिएका महत्वपूर्ण र प्रभावकारी कार्यक्रमहरु लाई निरन्तरता दिने योजना रहेको छ । केही कमजोर सहकारीहरुका लागि उस्तै प्रकृतिको क्रियाकलापका लागि पनि केही रकम व्यवस्था गरिएको छ भने केही अलि संस्थागत सहकारीहरुका लागि उनीहरुकै खर्चमा यस्ता गतिबिधि र क्रियाकलाप सञ्चालन गरिने छ । विभिन्न सहकारी अनुसार संस्था, परियोजना र कर्मचारीलाई हेर्ने नजर फरक छ, उनीहरुको हामी प्रतिको विश्वास र चासो पनि सोही अनुसार फरक छ त्यसैले संस्थाले पनि चालू वर्ष देखी उनिहरुलाई गर्ने व्यवहारमा सोही अनुसारको राणनीति अवलम्वन गर्ने योजना अगाडी सारेको छ । सहकारीमा कही कर्मचारीका स्वार्थ, कहि सञ्चालक समितिका पदाधिकारीको स्वार्थ र कहीँ असंलग्नहरुको स्वार्थका कारण सहकारीका प्रगतिमा बाधा पुगेको महशुस भई यो सवै स्वार्थलाई जितेर सहकारीले नतिजा हासिल गर्न सक्षम वनाउन सहकारीमा पदाधिकारी र कर्मचारीको औपचारिक र अनौपचारिक भेटघाट र छलफल कुराकानी बाट क्षमता विकास गर्नका लागि सहजीकरण गर्ने रणनीति लाई यस वर्ष पनि निरन्तर अवलम्वन गरिने छ । नियमित विस्तृत योजना कार्यान्वयन का लागि विगत वर्षहरुको सिकाईलाई थप प्रभावकारी वनाई निरन्तरता दिने र सुधार योग्य कुराहरु लाई सुधार गर्दै अगाडी बढ्ने कुरा लाई निरन्तरदा दिईने छ । सरोकारवालाहरु संगको सम्पर्क समन्वय, र साझेदारी को विगतको अभ्यास लाई पनि प्रभावकारी ढंगले अगाडी बढाईने छ ।



*अरुणज्योती सहकारीले आफ्नो नयाँ कार्यक्षेत्रका सदस्यलाई घाँसको विरुवा वितरण संगै सदस्यता वृद्धि अभियानमा*

## जम्मा वार्षिक बजेट योजना, खर्च र प्रगती :

- परियोजनाको कुल बजेट : २,०८,५५,२९६ (स्थानीय श्रोत सहभागिता समेत)
- हेफर बजेट : १,२६,५१,३५०।
- स्थानीय सरकारको सहभागिता योजना : ८२,०३,९४६।
- गत वर्षको उपलब्धि : १,२१,३६,१३५।
- यस वर्षको बजेट : ५५८१०७४।
- यस वर्षको खर्च : ४८००२४४।
- खर्च प्रतिशत : ८६।०१
- यस वर्षको स्थानीय श्रोत (हेफर बाहेक) बजेट : ५३,८५,१८१।

लाभान्वित : (आ.ब. २०७६/०७७ सम्म मात्र)

| घरधुरी | | | | | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| दलित | जनजाती | मधेशी | ब्राह्मण क्षेत्री | जम्मा | महिला | पुरुष | जम्मा |
| ५२२ | ४१९४ | ० | ११६१ | ५८७७ | ५५२५ | ३५२ | ५८७७ |

## **घटना अध्ययन (सफलताको कथा) :**

***महामारीका बेला पनि अव्वल सावित बाखा पालन व्यवसाय***

बिष्णु प्रसाद कँडेल,

अस अघि पनि नगद बैंकका रुपमा आफ्नो परिचय वनाईसकेको बाखा पालन व्यवसाय पुन: एक पटक अव्वल सावित भएको छ । कोभिड १९ (कोरोना भाईरस) का कारण विश्व महामारीले विश्व नै करिव करिव बन्दा बन्दी भइरहेको वेला बाखा पालन व्यवसाय अव्वल सावित भएको हो । व्यवसायका लागि आवश्यक दानाको मात्रा कम हुने बाखाहरुको संख्या धेरै हुँदा पनि उनीहरुको आहार शक्ति कम हुने कारण र मुख्य आहार घाँस नै भएकाले पनि यो व्यवसाय गाई भैंसी पालन व्यवसायको तुलनामा जोखिम मुक्त देखिएको छ । दुधालु गाई भैंसीको तुलनामा बाखाका लागि जनशक्ति पनि कम भए पुग्ने यसको हेरचाह र व्यवस्थापनको पक्ष कम खर्चिलो भएकाले गाई भैंसी पालन भन्दा बाखा पालन व्यवसाय नै हिरा (महत्वपूर्ण) वनेको छ ।

बाखा स्वयंममा आउने महामारी वा रोग ब्याधि बाहेक अन्य जुन कुनै महामारी का कारणले दाना पानीको आपुर्तीमा हुने जस्तो सुकै असहज परिस्थितीमा पनि बाखाका लागि आयातित (व्यवसायिक) दानाको अनिवार्यता नहुने भएकाले यो व्यवसायको धेरै जसो राम्रा गुणहरुमा अर्को पनि गुणको महशुस गराएको छ । वर्तमान महामारीको कसि (दाना आपूर्तीको श्रृंखला र दैनिक बजारको उपलब्धतामा भएको समस्या) ले बाखा पालन व्यवसायको थप महत्व पुष्टी गरेको छ । यसको उत्पादन देखी बजारीकरणको मिति निश्चित नहुने २/४ दिन, महिना ढिलो र चाँडो परिस्थिती अनुसार अनुकुलता हेरेर आवश्यकता अनुसार बजार पठाउन सकिने भएकाले पनि यस व्यवसायमा सुगन्ध थपिएको छ । दुध तरकारी कुखुरा वा त्यस्तै दैनिक रुपमा वा छोटो अवधिमा नै विक्री अनिवार्य हुने व्यवसायको सट्टा अनुकुल नहुँदा वर्ष भरि पनि नबेच्दा तुलनानात्मक रुपमा हुने घाटा यस व्यवसायमा एक दमै न्यून हुन्छ ।

नवलपरासी बर्दघाट सुस्ता पुर्वको सकलादेवी सामाजिक उद्यमी महिला सहकारी डेरी उत्पादनमा आधारित सहकारी हो । चालु आ.ब को पहिलो दिन देखी यस सहकारीले आफ्ना शेयर सदस्य र गैर सदस्यको दुध संकलन र विक्रि गरिरहेको छ । यस अघि केही पर आँफु सदस्य नभएको सहकारीले संकलन गरेको डेरीमा दुध संकलन गर्न लैजादा भन्दा आफ्नै डेरीमा दुध संकलन गर्न पाउँदा किसानहरु उत्साहित थिए । विश्व भर फैलिएको कोरोना भाईरसको प्रभाव नेपालमा पनि पर्न थाल्यो । सरकारले त्यसको रोकथाम र नियन्त्रणका लागि लक डाउन गर्‍यो । हिमालय डेरीको दुध ढुवानी गर्ने गाडीका चालकलाई लकडाउनका वेला गाडी चलाएको भन्दै कुट पिट भएपछि दुध को ढुवानी ३ दिन रोकियो । यद्यपी ३ दिन पछि सहकारी र सहयोगी संस्थाको पहलमा दुध संकलन र चिस्यानको काम लाई निरन्तरता दिन थालियो । सहकारीले जसो तसो केही मात्रामा दाना केही चापटको व्यवस्थापन त गरेको छ तर अझै पनि कुन वेला के हुने हो भन्ने जग जगी किसानहरुको मनबाट हट्न सकेको छैन । दैनिक १५० लिटर दुध संकलन गर्ने किसानले अहिले ५० लिटर मात्र ल्याउन थालेका छन् । ५० लिटर दुध संकलन गर्दै आएका सन्तोष तिमिल्सिना ले अहिले दैनिक २५ देखी ३० लिटर मात्रै दुध संकलन गर्ने गरेका छन् । यो सबै हुनुमा दाना चापटको आपुर्ती नै मुख्य कारक भएको

सहकारीका अध्यक्ष ईन्दिरा वाग्लेले वताउनु भयो । सकला देवी सहकारीका दुध संकलक ठुला किसानहरु मध्येका एक सागर गाई फर्मको दैनिक ४५ लिटर दुध दिने गाई दाना अभावका कारण मरेको छ । त्यस्तै देवचेली ३ केउरेनीको अनिर्जित एग्रो फर्मकी सञ्चालक रेनुका वस्ताकोटीले पनि लकडाउन शुरु भएपछि दाना अभावका कारण आफ्नो एउटा गाई मरेको वताईन ।
यसै सन्दर्भमा खसि बोकाको जिउँदो तौलमा बजारीकरण गर्ने नवलपुरकै अर्को सहकारी लेकवेशी सामाजिक उद्यमी महिला सहकारीका व्यवस्थापक शुसिला परियारले भने आफ्ना सदस्यको उत्पादन केही दिन ढिलो बेच्दा पनि नविग्रने भएकाले आँफुहरुलाई यो समयमा बजारीकरणको समस्या नभएको वताईन । घरमै उपलब्ध मकै लगायतका घरेलु दाना, बारी कान्ला र जंगलको घाँस खुवाएर पनि बाखाको आहार व्यवस्थापन गर्न सकिने भन्दै आँफुहरुलाई बाखा पाल्नकै लागि लकडाउनको कुनै प्रभाव नभएको र भविश्यमा पनि समस्या नआउने लेकवेशी सहकारीका सदस्य हुप्सेकोट ३ की व्यवसायीक किसान पूर्ण माया सुवेदी ले वताईन । जंगलको छेउमै घर भएको आफ्नै बारी कान्ला र पखेरामा प्रशस्त घाँस उपलब्ध हुने भएकाले १/२ महिना ढिलै बेच्दा पनि दाना पानीको अभाव नहुने भन्दै आँफुहरुको दैनिकीमा खासै फरक नपरेको वताउछिन हुप्सेकोट २ की बाखा पालक किसान चाम कुमारी दर्लामी (परियार) ।

॥। समाप्त ॥।

## ४.सुरक्षित आप्रवासन परियोजना (SAMI)

**परियोजनागत परिचय :**

परियोजनाको नाम : सुरक्षित आप्रवासन परियोजना
समभ्रुदारी : नेपाल सरकार तथा स्वीस सरकार
प्राविधिक सहयोग : हेल्भेटास स्वीस ईन्टरकोअपरेशन नेपाल
सहयोग र कार्यक्षेत्र कार्यक्षेत्र : कावासोती, गैडाकोट, मध्यविन्दु नगरपालिका तथा विनयी त्रिवेणी गाउंपालिका
परियोजना अवधी : १ श्रावण, २०७६ देखि ३१ असार, २०७७
बार्षिक बजेट : जम्मा रु. १ करोड ४ लाख
सेवा प्रदायक संस्था : हिमालयन सामुदायिक विकास मञ्च(हिकोडेफ) कावासोती
आप्रवासी स्रोत केन्द्रको स्थान : कावासोती नगरपालिका, ३ संगमचोक, नवलपरासी
जम्मा कर्मचारीहरु : कावासोती नगरपालिकामा ७ जना कर्मचारी र ३ जना रिटर्नी स्वयंसेवक गरी १० जना, गैडाकोट नगरपालिकामा २ जना कर्मचारी तथा ३ जना रिटर्नी स्वयंसेवक गरी ५ जना, मध्यविन्दु नगरपालिकामा २ जना कर्मचारी तथा ३ जना रिटर्नी स्वयंसेवक गरी ५ जना र विनयी त्रिवेणी गाउंपालिकामा २ जना कर्मचारी तथा ३ जना रिटर्नी स्वयंसेवक गरी ५ जना ।

**उदेश्य :**

**वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धीमुलक वनाउन ।**

- आप्रवासी कामदारलाई सही निर्णय लिन सक्षम वनाउन विभिन्न किसिमको सुचना प्रवाह गर्ने ।
- वैदेशिक रोजगार को क्रममा हुन सक्ने सम्भाव्य ठगी वाट वचने उपायहरु सिकाउने ।

- ठगी तथा समस्यामा मा परेकोहरु लाई निशुल्क कानुनी सहयोग गर्ने र समस्या सामाधान का लागी सम्वन्धित संस्था संग समन्वय गराईदिने ।
- निशुल्क सीप तालिम प्राप्त गर्न संस्था संग समन्वय गराईदिने ।

**लक्षित वर्ग :**

- वैदेशिक रोजगारीका लागि  मेनपावर कम्पनीसम्म पुर्‍याउने एजेन्टहरु
- वैदेशिक रोजगारका सम्भावित कामदारहरु
- वैदेशिक रोजगारीमा रहेका परिवारहरु
- वैदेशिक रोजगारबाट फर्केका कामदारहरु
- विद्यालयका विद्यार्थी, शिक्षक
- समुदायमा रहेका महिला समूह, टोल विकास समिति, युवा क्लब लगायत सामुदायिक वन समूहहरु

**क.यस वर्ष हासिल भएका मुख्य उपलब्धी :**

- *6782 persons enterd to ICC, Male 4262 and Female 2520*
- *276 persons attended the in- depth orientation Male 225 Female 51*
- *1211 persons benefitted from Community orientation Male 345 Female 866*
- *212 cases registered to MRC, In total case of project period 1549.*
- *89 cases succeed , In total case succeed of project period 1075,*
- *20199,000 Compensation paid to victims and their families(after July) In total Compensation paid of project period 157,030,112*
- *Rs. 4,070,000 Compensation paid to victims through local level initiation.*
- *42 persons (25 Male and 17 Female) referred skill training. 270 persons (119 female) reffered at project period.*
- *96% leave document at home according to phone follow up record.*
- *54 (9 Male) individual cases handle by psychosocialCounselors and workers, (Continue Cases 46 (male 6) and Closed Cases 8 (male 3)*
- *FLC classes support 369 at 13 groups.*
- *PFA at quarantine*
- *PFA through telephone 924 (325) during the COVID 19*

**ख. यस वर्षको गतिविधि सम्पादनको अवस्था :**

| Activities | Annual Target | Accomplished Activities | Men | Women | Total |
|---|---|---|---|---|---|
| Individual and group counseling | 7500 | | 4262 | 2520 | 6782 |
| Indepth orientation | 20 | 14 | 225 | 51 | 276 |
| Community orientation | 40 | 33 | 345 | 866 | 1211 |
| Returnee Mobilization | 12 | 10 | 5041 | 5185 | 10226 |

| | | | | | |
|---|---|---|---|---|---|
| Individual psycho social counseling | 80 | 54 | 9 | 45 | 54 |
| Psycho social counseling in a group | 16 | 13 | 0 | 369 | 369 |
| IEC Materials Production and distribution | Visiting card 5000 Pamphlets 5000 | Visiting card 5000 | | | |
| IMD Celebration | 1 | 1 | 23 | 19 | 42 |
| Capacity building of Returnee Network and advocacy | | | 19 | 16 | 35 |
| Financial Literacy Group | 16 | 13 | | 369 | 369 |
| Interaction with Journalists | 1 | 1 | 14 | 8 | 22 |
| Meeting with Employment Coordinators | 1 | 1 | 12 | 6 | 18 |
| Meeting of Project Management Committee | 2 | 2 | 18 | 11 | 29 |
| Monitoring and review through stakeholders | 1 | 1 | 28 | 21 | 49 |
| Remaining Activities | | | | | |
| Police Orientation | 1 | 0 | | | |
| Orientation for Palikas representatives | 1 | 0 | | | |
| Issue based Ineraction with Palikas representatives | 3 | 0 | | | |
| MRC Coordination committee Meeting | 1 | 0 | | | |
| Mobilisation of Local Champion | 1 | 0 | | | |
| Visit of staffs | 1 | 0 | | | |
| Training on social violence | 1 | 0 | | | |

## विषयगत उपलब्धीहरु :

### १.सूचनामा पहुंच

वैदेशिक रोजगारमा जानेहरुका लागि सहि सुचना तथा जानकारी प्रदान गरेर रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र व्यवस्थित बनाउनका लागि सूचनामा पहूँच बढाउने उद्धेश्यले आप्रवासी स्रोत केन्द्रद्धारा विभिन्न माध्यमको प्रयोग गरेर संभावित कामदारहरुलाई व्यक्तिगत, सामुहिक तथा साप्ताहिक तथा गहन अभिमुखीकरण, समुदायस्तरमा रहेका औपचारिक तथा अनौपचारिक समूहहरुमा सामुदायिक अभिमुखिकरण जस्ता विभिन्न क्रियाकलाप संचालन गरियो । यस अवधिमा विभिन्न स्रोतहरुमार्फत आप्रवासी स्रोत केन्द्रमा जम्मा ६७८२ जना (४२६२ जना पुरुष तथा २५२० जना महिला) आएर सूचना लिएका छन् भने सामाजिक परिचालन तथा अभिमुखीकरण कृयाकलापहरुमार्फत १४८७ जना (५५७ जना पुरुष तथा ९३० जना महिला) लाई सुरक्षित वैदेशिक रोजगारीको बारेमा सूचना सम्प्रेषण गरिएको छ । त्यसैगरी परियोजनाको १० जना रिटर्नी स्वयंसेवकहरुको माध्यमबाट २३४०८ जना (१२४७९ जना महिला) जनालाई घर भेट, व्यक्तिगत तथा समूह भेटमार्फत सूचना दिइएको छ ।

### १.१. फलोअपबाट प्राप्त सूचना तथा उपलब्धी :

आप्रवासी स्रोत केन्द्रमा आएका ३ देखि ६ महिना समयावधि भई सकेपछि सेवाग्राहीहरु बैदेशिक रोजगारमा गए नगएको र आप्रवासी स्रोत केन्द्रबाट उपलब्ध जानकारी तथा सूचनाको उपयोगिताबारे जानकारी लिन

सम्बन्धित सेवाग्राहीहरुले आप्रवासी स्रोत केन्द्रमा दिइएको सम्पर्क नम्बरमा फोन मार्फत फलोअप गरिन्छ । यस अवधिमा गरिएका फोन फलोअपको विवरण यस प्रकार रहेका छन् ।

- आप्रवासी स्रोत केन्द्रमा आएका कूल सेवाग्राहीमध्ये १२४१ जना (१०१५ जना पुरुष तथा २२६ जना महिला) सेवाग्राहीलाई फोन फलोअप गरियो ।
- १६६२ (पुरुष १२९७ महिला ३६५) जनालाई फोन सम्पर्क गर्न प्रयास गर्दा ४२१ जना सेवाग्राहीसंग सम्पर्क हुन नसकेको ।
- सम्पर्क भएका १२४१ जना सेवाग्राहीहरुमध्ये ८२ जना (७२ पुरुष तथा १० जना महिला) वैदेशिक रोजगारीमा गएका छन् ।
- ७९ जना (७१ जना पुरुष तथा ८ जना महिला) (९६%) सेवाग्राहीहरुले कागजपत्र छोडेर गएका छन् ।
- वैदेशिक रोजगारीमा गएका मध्ये १९ जनाले ८१३,००० रकम घटाएर जान सफल भएका छन्
- फोन फलोअप गर्दा ३८ जना (सवै पुरुष) सीप तालिम लिएर विदेश गएको पाईएको छ ।

## २. सीपमा पहुँच

नेपालबाट वैदेशिक रोजगारीमा जाने मध्ये करिब ७५ प्रतिशत कामदारहरु अदक्ष वा बिनासिप नै जाने गरेको विभिन्न तथ्यांकहरुले देखाएका छ । यस कुरालाई मध्यनजर गरेर विगतका वर्षहरुमा परियोजनाले एफस्किलसँगको समन्वय तथा सहकार्यमा सिप तालिम लिएर वैदेशिक रोजगारीमा जानका लागि सूसुचित गर्दै आवश्यक सहजिकरणको कार्य गरिदै आइएको थियो । गत वर्ष देखि सामी हेल्भेटास मार्फत नै तालिमका कार्यक्रमहरु संचालन भएको हो । कार्यक्षेत्रभित्र र वरपरका क्षेत्रबाट आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरेका तथा फोन फलोअपबाट सम्पर्क गरेर संभावित युवायुवतीहरुलाई यस वर्ष पुरुषहरुका लागि मेशन र सटरिङ कार्पेन्टर तथा महिलाहरुको लागि गार्मेण्ट तालिममा निशुल्क रुपमा उपलब्ध गराउदै आएको छ । यस वर्ष जम्मा ४२ जना (२५ जना पुरुष तथा १७ जना महिला)ले तालिम लिएका छन् ।

यस क्षेत्रका वैदेशिक रोजगारमा जाने संभावित ७८ जनाले तालिमका लागि इच्छा देखाएपनि विभिन्न कारणले गर्दा सबै तालिममा सहभागी भएका छैनन । यसरी तालिम नलिई विदेश जांदा आफुले गर्नसक्ने काम र गन्तव्य देशमा गर्नुपर्ने कामको विषयमा मेल नखाने जस्ता समस्याहरु देखिएका छन् । तसर्थ सुरक्षित आप्रवासन परियोजना अन्तर्गत नि:शुलक सीप तालिमको प्रचारप्रसार तथा प्रोत्साहन र तालिमको लागि सिफारिस गरिन्छ । यसै क्रममा यस वर्षमा निम्न वमोजिम संभावित आप्रवासी कामदाहरुलाई सीप तालिम लिन सामीमा सिफारिस गरिएको छ ।

### २.१ यस अवधिमा सीप तालिमका लागि सिफारिस गरेको विवरण यस प्रकार रहेको छ ।

| S.N | Types of trade | Participants | | | Remarks |
|---|---|---|---|---|---|
| | | Male | Female | Total | |
| 1 | Building Electrician | 2 | 0 | 2 | |
| 2 | Plumber | 18 | 0 | 18 | |
| 3 | Mason | 2 | 0 | 2 | |
| 4 | Scaffolding | 2 | 0 | 2 | |
| 5 | Suttring carpentary | 0 | 0 | 0 | |
| 6 | Welder | 1 | 0 | 1 | |
| 7 | Garment | 0 | 17 | 17 | |
| **Total** | | **25** | **17** | **42** | |

## २.२ तालिम लिनेहरुबाट प्राप्त सल्लाह सुझावहरु :

- तालिम लिई जाने क्रममा पनि लागत रकम बढी लाग्ने भएको हुंदासामीले लागतको बारेमा छलफल गरी सेवाग्राहीलाई कम भन्दा कम लागतमा वैदेशिक रोजगारमा जाने वातावरण मिलाउनुपर्ने ।
- गान्तव्य देशमा तोकिए बमोजिम काम नपाइनु । तसर्थ तोकिएको काम र तलवको बारेमा विदेश जानुपूर्व स्पष्ट रुपमा जानकारी दिनुपर्ने ।
- फोन वार्तामा कतिपय विषयहरुमा राम्रोसँग र स्पष्ट रुपमा जानकारी नहुनु ।

## ३. वित्तीय साक्षरता कार्यक्रम :

वैदेशिक रोजगारमा गएका परिवारहरुलाई दिगो जीवन निर्वाहका लागि वैदेशिक रोजगारीमा आर्जन गरेको रकमलाई लिन सचेतिकरण गर्ने तथा रेमिटान्सबाट प्राप्त रकमको सहि र व्यवस्थित सदुपयोगका लागि योजना निर्माणमा सघाउ पुर्‍याउने उद्येश्यका साथ यस अवधिमा विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स), नेपालको प्राविधिक सहयोगमा वित्तिय साक्षरता कार्यक्रम गैडाकोट नगरपालिका ११, १२, १३ मा गरी ४ वटा समूहमा ७७ जना, मध्यविन्दु नगरपालिका वडा नं. ६ मा एउटा तथा १५ मा २ वटा गरी ३ वटा समूहमा ७५ जना, कावासोती नगरपालिका वडा नं. १, ४, १४ र १५ मा ४ वटा समूह मा १०९ जना तथा विनयी त्रिवेणी गाउंपालिकामा वडा नं. २, ३ र ४ मा गरी ३ समूहमा ६८ जना रहेको समूह सर्वेक्षण गरी कक्षा शुरु भएको छ । बाांकी ३ वटा समूहमा कोभिड १९ को कारणले पहिचान तथा सर्वेक्षणको कार्य भएर पनि कक्षा शुरु गर्न सकिएन । हालसम्म कक्षा शुरु भएका समूहहरुमा जम्मा २७९ जना सहभागीहरु रहेका छन् ।

वित्तीय साक्षरता कार्यक्रमका केही उपलब्धीहरु (सहभागी : २७९ जना):

| क्र.सं. | सूचक | उपलब्धी | कैफियत |
|---|---|---|---|
| १ | दैनिक हिसाव किताव राख्ने | २०९ जना | |
| २ | वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यहरुको कागजात मगाएको | १३९ जना | |
| ३ | साना व्यवसाय शुरु गरेका | ७ जना | |
| ४ | महत्वपूर्ण सम्पर्क नम्बर राखेको | १३८ जना | |

## ४. न्यायमा पहुँच (Access to Justice)

वैदेशिक रोजगारीले राष्ट्रका निम्ति योगदानका साथमा विकृतिहरु तथा समस्याहरु पनि निम्त्याईरहेको छ । यसका लागि पिडित पक्षलाई न्यायको पहँचमा पुर्‍याउनुपर्ने र न्याय दिलाउनुपर्ने आवश्यकताको महसुस गरि वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, गन्तव्य देशका दुतावास, सामी हेल्भेटास, पिएनसीसी, पिपुल्स फोरमको सहयोगमा आप्रवासी स्रोत केन्द्रले कार्य सम्पादन गर्दै आइरहेको छ ।

वैदेशिक रोजगारका क्रममा ठगी, मृत्यु, बिरामी, अंगभंग, मेडिकल फेल, घरेलु हिंसा, भनेको कामदाम नपाएको लगायतका विभिन्न समस्याहरुमा सहयोग पुर्‍याउने कार्य गरिरहेको छ । त्यस सन्दर्भमा यस अवधि भरमा २१२ वटा केश दर्ता भई यस वर्षको ५२ तथा अघिल्लो वर्षको ७६ गरी जम्मा १२८ वटा समाधान भएका छन् । यस क्रममा वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणबाट डिीत भएका सेवाग्राहीलाइ २ करोड ७६ लाख ४ हजार रुपैंया क्षतिपूर्ति दिलाउन सहजीकरण गरिएको छ ।

## ४.१.आप्रवासी स्रोत केन्द्रमा आएका केशहरुको प्रकार तथा समाधानको अवस्था :

| SN | Case Variety | Solve of This Year | Solve carry over | Grand Total |
|---|---|---|---|---|

| | | M | F | T | M | F | T | M | F | T |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Money Hold | 22 | 0 | 22 | 12 | 1 | 13 | 34 | 1 | 35 |
| 2 | Money and passport hold | 0 | 0 | 0 | 3 | 0 | 3 | 3 | 0 | 3 |
| 3 | Passport Hold | 3 | 0 | 3 | 1 | 0 | 1 | 4 | 0 | 4 |
| 4 | Different Work & Salary | 0 | 0 | 0 | 26 | 0 | 26 | 26 | 0 | 26 |
| 5 | Visit Visa | 0 | 0 | 0 | 1 | 0 | 1 | 1 | 0 | 1 |
| 6 | Madical Fail | 0 | 0 | 0 | 1 | 0 | 1 | 1 | 0 | 1 |
| 7 | Force Labor | 2 | 0 | 2 | 2 | 0 | 2 | 4 | 0 | 4 |
| 8 | Death | 8 | 0 | 8 | 3 | 0 | 3 | 11 | 0 | 11 |
| 9 | Jail | 2 | 0 | 2 | 4 | 0 | 4 | 6 | 0 | 6 |
| 10 | Missing | 5 | 0 | 5 | 2 | 0 | 2 | 7 | 0 | 7 |
| 11 | Undocumented | 0 | 2 | 2 | 3 | 0 | 3 | 3 | 2 | 5 |
| 12 | Domestic Worker | 0 | 2 | 2 | 0 | 5 | 5 | 0 | 7 | 7 |
| 13 | No work No maoney | 4 | 1 | 5 | 6 | 0 | 6 | 10 | 1 | 11 |
| 14 | Accident / sick | 1 | 0 | 1 | 6 | 0 | 6 | 7 | 0 | 7 |
| 15 | Other | | | 0 | | | 0 | 0 | 0 | 0 |
| | **Total** | **47** | **5** | **52** | **70** | **6** | **76** | **117** | **11** | **128** |

यस वर्ष तथा अघिल्ला वर्षका बांकी रहेका पिएनसीसीमा सिफारिस भएका ८८ वटा, पिपुल फोरममा सफिारिस भएका १२२ वटा तथा आप्रवासी स्रोत केन्द्रले प्रकृया गरेका २०५ वटा गरी ४१५ वटा समस्याहरु बांकी रहेका छन् । जुन समस्याहरु समाधानका लागि प्रकृयामा रहेका छन् ।

## ४.२.आप्रवासी स्रोत केन्द्रमा आएका केशहरुको समाधानका लागि भएका प्रयास तथा सिफारिस :

आप्रवासी स्रोत केन्द्रमा आएका केशहरुमध्ये प्रवासी नेपाली समन्वय समितिमा ७१ वटा, ठगीका ६८ केशहरु पिपुल फोरममा केश सिफारिस गरिएका छन् भने आप्रवासी स्रोत केन्द्रमा दर्ता गरी स्वयंले प्रकृया गरेका प्रमाण नभएका ७३ वटा केशहरु रहेका छन् । उक्त केशहरुमा पिएनसीसीमा सिफारिस गरिएका ७१ वटा मध्ये २४ वटा, पिपुल फोरममा सिफारिस गरिएका ६८ मध्ये ४ वटा, आप्रवासी स्रोत केन्द्रले हेरेको ७३ वटा मध्ये २४ वटा समाधान भएका छन् ।

## ४.३. केश क्षतिपूर्तिको अवस्था :

आप्रवासी स्रोत केन्द्रमा प्राप्त केशको अवस्था हेरी ती केशहरुलाई स्थानीयस्तरदेखि सरोकारवाला निकायहरुमा सिफारिस गरेर समाधानको प्रयास गरिन्छ । केश समाधानका क्रममा केशको प्रकृतिको आधारमा क्षतिपूर्ति समेत पिडित पक्षलाई उपलब्ध गराउन सहयोग पुर्‍याईएको छ । पिडित पक्षलाई यस वर्ष रु.**27604,000** ( अघिल्लो वर्षमा दर्ता भएका समेत)क्षतिपूर्ति उपलब्ध गराउन सहयोगीको भूमिका निर्वाह गरिएको छ । त्यसमध्ये ४० लाख ७० हजार रुपैंया आप्रवासी स्रोत केन्द्रको पहलमा, पिएनसीसीबाट रु.२ करोड, ९ लाख, ५० हजार तथा पिपुल फोरमबाट रु. २५ लाख ८४ हजार रुपैंया क्षतिपूर्ति सेवाग्राहीलाई दिलाउन सहजीकरण गरिएको छ ।

## ५. मनोसामाजिक परामर्श :

नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका विभिन्न गाविसहरुमा बैदेशिक रोजगारका क्रममा आएका मनोसामाजिक समस्याहरु विभिन्न माध्यमबाट संकलन गर्ने र समस्याको यथार्थको बारेमा जानकारी प्राप्त लिईयो । रिटर्नी, संचार साधन, विद्यालय सचेतना कार्यक्रम, स्थानिय महिला अगुवा, समुह मनोपरामर्श,

मनोसामाजिक परामर्शकर्ता स्वयम्का माध्यमबाट वैदेशिक रोजगारका कारणबाट समस्यामा परेका व्यक्ति तथा तिनका परिवारको समस्या पहिचान गरी उनीहरुको मनोगत समस्या पत्ता लगाइ विभिन्न विधिहरु प्रयोग गरी समस्या न्युनिकरण गरिएको छ ।
आप्रवासी स्रोत केन्द्रमा आएका तथा समुदाय भेटघाटबाट भेटिएकोमनोसामाजिक समस्याहरु मध्ये अवस्था विश्लेषण गरि यस अवधिमाव्यक्तिगत **५४** वटा केशदर्ता गरि मनोसामाजिक परामर्श गर्ने काम गरिएको छ ।

### ५.१. व्यक्तिगत मनोसामाजिक परामर्श प्रदान गरिएका सेवाग्राहीहरुको विवरण :

बैदेशिक रोजगारका क्रममा विभिन्न मनोसामाजिक समस्या पीडित ९ जना पुरुष तथा ४५ जना महिला गरी जम्मा ५४ जना सेवाग्राहीलाई व्यक्तिगत रुपमा मनोसामाजिक परामर्श प्रदान गरिएको छ ।

| Psychosocial Counseior | Taken case | | |
|---|---|---|---|
| | M | F | Total |
| Shubha Rana | 2 | 15 | 17 |
| Bimala Shrestha | 3 | 141 | 17 |
| Jamuna Paudel | 2 | 8 | 10 |
| Yamakala Bhattarai | 2 | 6 | 8 |
| **Total Current Cases** | **9** | **45** | **54** |

### ५.२. समूहमा प्रदान गरिएको मनोसामाजिक परामर्शको विवरण :

४ वटा पालिकाका १६ स्थानमा बैदेशिक रोजगारमा गएका व्यक्तिहरुको परिवारका सदस्यहरु जसले विप्रेषण प्राप्त गर्दछन् उनीहरु रहने गरी वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षासंयुक्त रुपमा सञ्चालन गर्ने प्रयोजनको लागि समूह निर्माण गरिनेछ । तर यस वर्ष १३ वटा समूहहरु तयार भई सर्वेक्षण कार्य सम्पन्न गरी कक्षा शुरु गर्ने कार्य भएको छ भने ४ वटा समूहरुको पहिचान गरी सर्वेक्षणको कार्य भए ता पनि कोभिड १९ को कारण कक्षा संचालन गर्न सकिएन ।

## ६. रिटर्नी स्वयंसेवक : प्रगति, उपलब्धी र सबल पक्षहरु :

परियोजना अन्तर्गत १० जना बैदेशिक रोजगारबाट फर्किएका कामदारहरु स्वयंसेवकको रुपमा परिचालन गरिएको छ । स्थानियस्तरमा वैदेशिक रोजगारीमा जानका लागि तयार भएका युवाहरु सबैभन्दा पहिले ती रिटर्नी स्वयंसेवकहरुसंग आधारभूत सूचना तथा जानकारी लिने, वैदेशिक रोजगारका क्रममा समस्या पहिचान तथा सिफारिस लगायत चेतना अभिवृद्धि गर्न र परियोजनाका गतिविधिहरु प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण रहेको हुंदा समुदायमा कार्यक्रमको विश्वसनियता बढ्दो छ ।

हाल रिटर्नी स्वयंसेवक लगायत जिल्लाका रिटर्नी कामदारहरुले आप्रवासी कामदारहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले जिल्ला स्तरीय आप्रवासी कामदार हकहित संरक्षण मञ्चद्धारा विभिन्न सचेतनामूलक क्रियाकलापहरुको आयोजना गरिएको थियो । यस अवधिमा रिटर्नी स्वयंसेवकहरुले समुदाय तहका १३६ समूहमा २७३१ जना तथा १०४५१ जनालाई व्यक्तिगत रुपमा भेट गरेका छन् । त्यसैगरी घरधुरी सर्वेक्षणको क्रममा १०२२६ घरमा पुगेर सुरक्षित वैदेशिक रोजगारीको विषयमा जानकारी दिएका छन् । यस क्रममा २७४९जना (९७ जना महिला) वैदेशिक रोजगारीमा गएका छन् ।

### ६.१. रिटर्नी परिचालनबाट आएका केही परिवर्तनहरु :

जिल्लामा सामी परियोजना सञ्चालन पश्चात् बैदेशिक रोजगारमा जाने क्रममा एकप्रति कागजपत्र घरमा छोड्नु पर्ने सूचना प्रदान पश्चात् सामी परियोजनाको लक्षित ३ नगरपालिका तथा १ गाउंपालिकामा रिटर्नी स्वयंसेवकहरुद्वारा संकलित तथ्यांक अनुसार तपसिल बमोजिम उपलब्धी देखिएका छन् ।

| Activities | Male | Female | Remarks |
|---|---|---|---|
| Total clients left for foreign employment (in 1 year period) | 2652 | 97 | 2749 |
| Total client left documents at home (in 1 year period) | 1782 | 35 | 1817 |
| Total clients negotiate ( bargaining) and reduce pre departure cost (in 1 year period) | 49 | 0 | |
| Reduced pre departure cost | 7 | 0 | 215000 |
| Number of clients going on free visa, free ticket provision ( paid maximum Nrs. 10,000) | 39 | 83 | 102 |
| Total clients referred for skill training | 29 | 5 | 34 |
| Total case referred to ICC for information | | | 473 |
| Total clients referred for case support | 44 | 3 | 47 |

## ६.२. आप्रवासी कामदार हकहित संरक्षण मञ्चको गतिविधि :

आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार संरक्षणका लागि नवलपरासी जिल्लामा आप्रवासी कामदार हकहित संरक्षण मञ्च जिल्ला तहमा २०७१ सालमा गठन भई सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । यस अवधिमा विधिवत रुपमा नवलपरासी वर्दघाट सुस्ता पूर्व) को जिल्ला समिति गठन भई कार्य संचालन गर्न शुरु गरेको छ ।

हाल कावासोती, गैडाकोट, देवचुली नगरपालिका र विनयी त्रिवेणीमा पालिका स्तरीय आप्रवासी कामदार हकहित संरक्षण मञ्च गठन गरी सुरक्षित वैदेशिक रोजगारीको सवालमा सचेतनामूलक तथा दवावमूलक कार्य गरिरहेको छ ।

- आप्रवासी कामदार हकहित संरक्षण मञ्चद्वारा स्थानीयतहबाट सुरक्षित वैदेशिक रोजगारको सवालमा रकम विनियोजनका लागि पालिकाहरुमा प्रस्तावपत्र पेश गरिएको । जस मध्ये देवचुली नगरपालिकाबाट रु ३,००,००० तीनलाख तथा हुप्सेकोट गाउंपालिका वडा नं. ४ बाट रु ५००,००० पांचलाख रुपैयां विनियोजन गरिएको छ ।
- देवचुली, गैडाकोट नगरपालिका तथा विनयी त्रिवेणी गाउंपालिकाका वैदेशिक रोजगारीबाट फर्किएका तथा आप्रवासी कामदारहरुका परिवारहरुको पालिका स्तरीय संगठन निर्माण गरिएको साथै उनीहरुलाई वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा उपलब्धीमूलक बनाउन सचेतनामूलक कार्यक्रम संचालन गरियो ।
- आप्रवासी कामदार दिवशको अवसरमा वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएका कामदारका २० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री एवं न्यानो लुगा वितरण गरियो ।
- आप्रवासी कामदार हकहित संरक्षण मञ्च, नवलपरासीका पदाधिकारीहरुलाई संस्थागत विकास तथा क्षमता विकास तालिमको आयोजना गरियो ।
- आप्रवासी कामदार हकहित संरक्षण मञ्चद्धारा परिचालित रिटर्नी स्वयंसेवकहरुबाट ३४२ घरमा घरभेट गरी १४६ जना पुरुष तथा १९६ जना महिला, व्यक्तिगत रुपमा ८१ जना पुरुष तथा ७१ जना महिला गरी १५२ जना र २ समूहमा ५१ जना महिलाहरुलाई वैदेशिक रोजगार सम्बन्धी आधारभूत जानकारी दिईएको छ ।
- वित्तीय साक्षरता कक्षा संचालन गर्नका लागि हुप्सेकोट ४ अन्तर्गत ४ वटा समूहहरु पहिचान गरी सर्वेक्षणको लागि तयारी अवस्थामा रहेको छ ।

- देवचुली नगरपालिका अन्तर्गत वडा नं. ४,५, ६, ७ र ९ मा वैदेशिक रोजगार सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरी ३१४ जना (१६० जना पुरुष तथा १५४ जना महिला) लाई आधारभूत जानकारी दिइएको छ ।
- सुरक्षित वैदेशिक रोजगारीका लागि सचेतनामूलक सडक नाटक प्रदर्शनका लागि रु. १३,००,००० तेह्र लाख बराबरको रकम स्वीस विकास नियोगसंग सम्झौता भएको । तालिम कार्यक्रम सम्पन्न भएको तर कोभिड १९ को कारण प्रदर्शन गर्न नसकिएको ।

## ७.संचार माध्यम परिचालन

यस अवधिमा संचार माध्यमको परिचालनका लागि ३ वटा एफएम रेडियो (कावासोती एफएम कावासोती, विजय एफएम, गैडाकोट, दर्पण एफएम मध्यविन्दु)संग सम्झौता गरी देश प्रदेश कार्यक्रम र वैदेशिक रोजगारी सम्बन्धी छोटा सूचनाहरु प्रसारण भईरहेको छ । रेडियो एफएम सुनेर यस वर्ष पनि ४७३ जना आगन्तुकहरु आप्रवासी स्रोत केन्द्रमा सूचना लिन आएका छन् । यसरी संभावित कामदार तथा वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका आप्रवासी स्रोत केन्द्रसम्म ल्याउनका लागि संचार माध्यमको परिचालन महत्वपूर्ण कदम भएको छ । त्यसैगरी सूचना, शिक्षा तथा संचारमूलक पम्पलेटहरु, भिजिटिङकार्ड छपाई प्रचारप्रसार तथा वितरण गरिएको छ । यसको माध्यमबाट पनि आप्रवासी स्रोत केन्द्रमा सूचना लिन आउने क्रम बढदो छ । साथै संचारमाध्यमहरुबाट आप्रवासी स्रोत केन्द्रको विषयमा जानकारी पाई १५ वटा केश दर्ता गर्न आएको थियो ।

| Radio Report & News | 150 | Media |
|---|---|---|
| Online story | 11 | Desh Pardesh |
| News and article published National | 4 | Naya Patrika and Rajdhani Daily |
| News published in local level Magazine | 9 | Bijay khabar, Hulaki Daily, Daunne Weekly |
| Press conference | 1 | |
| Radio program production & broadcasting | 52 Episode | FM Radio (3 FM) |
| Radio Jingle | 5670 Times | FM Radio (3 FM) |

विजय एफएम बाट प्रत्येक विहिबार देशप्रदेश कार्यक्रम उत्पादन गरी प्रसारण गर्दछ भने कावासोती एफएम तथा सामर्थ्य एफएमबाट शुक्रबारका दिन प्रशारण गर्दै आईरहेको छ ।

## ८ कोभिड १९ को कारण बन्दाबन्दीको अवस्थामा भएका गतिविधिहरु :

- कोभिड १९ को कारण बन्दाबन्दीको समयमा आप्रवासी स्रोत केन्द्रको टेलिफोन कल फरवार्ड गरी घरैबाट फोनबाट सेवा उपलब्ध गरिएको । टेलिफोनको माध्यमबाट २१ जना पुरुष तथा ४३ जना महिला गरी ६४ जनालाई वैदेशिक रोजगारी सम्बन्धी आधारभूत सूचना प्रवाह गरिएको ।
- वैदेशिक रोजगारीको क्रममा ६ वटा समस्याहरु दर्ता गरी समाधानका लागि पहल भएको र २ वटा समस्याहरु समाधान भएको ।
- भारत लगायत अन्य विदेशबाट आएका ६१९ जना पुरुष, ४०५ जना महिला, २९ जना केटा तथा १३ जना केटी गरी जम्मा १०६६ जना आप्रवासीहरुलाई मनोसामाजिक प्राथमिक सहयोग प्रदान गरिएको ।
- कावासोती नगरपालिकाका ५ वटा क्वारेन्टाईनहरुमा रहेको ६५ जना पुरुष तथा १० जना महिलाहरुलाई मनोसामाजिक प्राथमिक सहयोग प्रदान गरिएको ।

- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका सहभागीहरु (२६१ जना) लाई फोनको माध्यमबाट वैदेशिक रोजगारीमा रहेका उनीहरुको परिवारको अवस्था, कोभिड १९ बाट बच्ने उपायहरुको बारेमा  छलफल गरिएको ।
- गत वर्षका १०० जना सहभागीहरुसंग वित्तीय साक्षरता कक्षाबाट सिकेका प्रभावहरुको कार्यान्वयनको बारेमा टेलिफोनबाट छलफल गरियो ।

## ९.स्थानीय सरकारहरुसंगको सम्पर्क, समन्वय तथा सहकार्य :

नेपालको संघीय संरचना अनुसार ४ वटा गाउंपालिका तथा ४ वटा नगरपालिका रहेको नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लामा विगत ५ वर्ष देखि नै तत्कालिन स्थानीय निकाय तथा हाल स्थानीय सरकारहरुसंगको सम्पर्क समन्वय तथा सहकार्यमा सुरक्षित आप्रवासन परियोजना संचालन गरियो । यस वर्ष ३ वटा नगरपालिका तथा १ गाउंपालिकामा परियोजना कार्यान्वयन भए तापनि संचार माध्यमहरुको परिचालन, वैदेशिक रोजगारी सम्बन्धी समस्याहरु र वैदेशिक रोजगारीका लागि आवश्यक सीप तालिममा प्रोत्साहन, सिफारिसमा सहजीकरण गर्न र सहयोग गर्नका लागि कार्यक्षेत्र भन्दा बाहिरका पालिका तथा जिल्लाका सेवाग्राहीहरुलाई बन्देज गरिएन । तसर्थ वढी समस्याहरु दर्ता भई समाधानका लागि प्रकृया वढाईयो र सन्तोषजनक रुपमा समाधान पनि भएका छन ।

यस अवधिमा स्वीस विकास नियोगको नीति अनुसार तथा स्थानीय सरकारलाई वैदेशिक रोजगारीको सवालप्रति जवाफदेहिता वढाउनका लागि सुरक्षित आप्रवासन परियोजना कार्यान्वयन गर्न स्थानीय सरकारसंग साझेदारीता तथा सहकार्य गर्ने अवसर प्राप्त भयो । साथै कावासोती, गैडाकोट र मध्यविन्दु नगरपालिकाहरुले रकम विनियोजन गरी सुरक्षित वैदेशिक रोजगारीको सवालमा कार्यक्रमहरु संचालन गरियो । पालिकाहरुबाट विनियोजत रकम र परिचालित कर्मचारी विवरण यसप्रकार रहेको छ ।

| पालिका | रकम | कैफियत |
|---|---|---|
| | आ.व. २०७६/०७७ | |
| कावासोती नगरपालिका | रु ४००,००० | हिकोडेफबाट परियोजना कार्यान्वयन गर्ने गरी सम्झौता भई कार्यक्रम संचालन भईरहेको छ । |
| मध्यविन्दु नगरपालिका | रु.५००,००० | |
| विनयी त्रिवेणी गाउंपालिका | रु.२००,००० | |
| हुप्सेकोट गाउंपालिका | रु.५००,००० | आप्रवासी कामदार हकहित संरक्षण मञ्च, नवलपरासीबाट परियोजना कार्यान्वयन गर्ने गरी सम्झौता भई कार्यक्रम संचालन भईरहेको छ । |
| देवचुली नगरपालिका | रु.३००,००० | |
| | आ.व. २०७७/०७८ | |
| कावासोती नगरपालिका | रु ४००,००० | हिकोडेफबाट परियोजना कार्यान्वयन गर्ने गरी सम्झौता भई कार्यक्रम संचालन गरिने |
| मध्यविन्दु नगरपालिका | रु.५००,००० | |
| विनयी त्रिवेणी गाउंपालिका | रु.२००,००० | |
| देवचुली नगरपालिका | रु.२००,००० | आप्रवासी कामदार हकहित संरक्षण मञ्च, नवलपरासीबाट परियोजना कार्यान्वयन गर्ने गरी सम्झौता भई कार्यक्रम संचालन गरिने |
| हुप्सेकोट गाउंपालिका | रु.५०,००० | |

## १०. सवाल/चुनौतीहरु र सिकाईहरु :

### १०.१ सवाल/चुनौतीहरु

- स्थानीय तहहरुबाट रकम ढिलो निकासा हुंदा योजना गरिएका गतिविधिहरु सम्पन्न गर्न नसकिएको ।

- मनोसामाजिक परामर्श पश्चात् सम्बन्धित सेवाग्राही आफूमा धेरै परिवर्तन आए पनि गोपनियताका कारण कार्यक्रमको सफल परिवर्तन सबैले थाहा पाउने गरी बाहिर ल्याउन नसकिँदा कार्यक्रमको परिवर्तनको यथार्थ अवस्था अवगत गराउन नसकिएको ।
- नियमित फलोअप गर्ने क्रममा केहि सेवाग्राहीहरुले सही जानकारी दिन नचाहाने । फोन गर्दा परिवारको अर्के व्यक्तिले फोन उठाउँदा सम्बन्धित व्यक्तिको बारेमा पूर्ण जानकारी प्राप्त गर्नमा कठीन भएको ।
- सरकारले तोकेको अधिकत्तम लागतभन्दा बढि रकम असुल्ने, ठगी गर्ने मेनपावर कम्पनीहरुलाई सरकारी निकायहरुले प्रभावकारी नियमन नगर्दा सामी परियोजनाको प्रयत्नहरुले पूर्ण रुपमा सार्थकता पाउन सकेको छैन ।
- एजेन्टको चपेटामा परेको सहभागी लाई परामर्श गर्न समस्या भएको ।
- मेनपावर तथा उजेन्टहरुबाट ठगीका लागि नयां गन्तव्य मुलुकमा पठाउने बाहना (पोर्चुगल, पोल्याण्ड, मौरिसस, चेक गणतन्त्र, माल्टा आदि) ।
- कोभिड १९ को कारण लक्षित गतिविधिहरु सम्पन्न गर्न सकिएन ।
- क्वारेन्टाईनमा रहेका सेवाग्राहीहरुलाई मनोसामाजिक प्राथमिक सहयोग गर्न कठिनाई ।

## १०.२. सिकाईहरु

- आधुनिक प्रविधिको प्रयोग गरी समय र अवस्था अनुसार सेवाग्राहीहरुलाई सेवा पुर्याउन सकिने ।
- रिटर्नी स्वयंसेवकहरुको परिचालनबाट स्थानीय तहका केश तथा समस्याहरु पहिचान गर्न सहज हुने साथै वैदेशिक रोजगारी सम्बन्धी आधारभूत सूचनाहरु घर घरमा पुर्याउन सहज हुने ।
- सरकारले तोकेको दरमा हामीलाई उडाउदैन यो त भन्ने मात्र हो भनी समुदायका व्यक्तिहरुले भन्ने गरेको वेला यसबारेमा जानकारी पाएपछि मेनपावरसंग मोलमोलाई गरी रकम घटाएको उदाहरण पेश गरे पछि विश्वास जित्न सजिलो हुने तथा रकम घटाउन सहयोग पुगेको ।
- मनोपरामर्शमा सेवाग्राहीसंग राम्रो सम्वन्ध विस्तार नभएसम्म विधिको प्रयोग गर्दा विधि प्रभावकारी नहुने र सेवाग्राहीमा परिवर्तन दिगो ल्याउनका लागी उनीहरुका विकल्पलाई नै सहजीकरण गरी अवलम्वन गरिदिदा प्रभावकारी हुने रहेछ ।
- समस्यामा परेका आप्रवासी कामदारहरुको उद्धारका लागि प्रवासमा रहेका संयन्त्रहरुको महत्वपूर्ण भूमिका रहने ।

## ११. निश्कर्ष :

सुरक्षित आप्रवासनको विषय जिल्लामा एक सवालको रुपमा स्थापित भएको कारण यस वर्षदेखि स्थानीय सरकार मार्फत परियोजना कार्यान्वयन हुने भएकोले स्थानीय सरकारको परियोजनाप्रति अपनत्व वढेको महसुस गरिएको छ । आगामी वर्षहरुमा नेपालको संघीय सरकारतथा स्थानीय सरकार यस सवालको सम्बोधनका लागि परियोजना निर्माण तथा कार्यान्वयन गर्न पछि नपरोस, यही शुभकामना ।

## ५.जलवायु अनुकुलनका लागि तले खेति परियोजना ( LFA P )

### पृष्ठभुमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले संचालन गरेको विभिन्न सामुदायिक विकासका परियोजनाहरु मध्ये **अनुकुलनका लागि तले खेति परियोजना ( Layer Farming for Adaptation Project )** एक हो । बेलायत स्थीत गैर सरकारी संस्था The Glacier Trust को आर्थिक सहयोगमा विगत 15 Sep, 2019 बाट संचालीत यस परियोजना नवलपरासी जिल्ला सुस्ता पुर्व, हुप्सेकोट गाउँ पालिकाको वडा नं ४ रिपाहा र वडा नं ५ बसेनीमा तथा बौदिकाली गाउँपालिका वडा नं ६ लाहापेमा संचालित छ । हिकोडेफले The Glacier Trusts को साझेदारिमा विगत २००९ देखि २०१९ सम्म ECCLA कार्यक्रम संचालन गर्दै आएको थियो । यस कार्यक्रमलाई अलि फरक रुपले विशेष गरि जीविकोपार्जन सुधार खाद्य सुरक्षा र जलवायु अनुकुलनका लागि उच्च मुल्य बाली उत्पादन र बजारिकारणमा जोड दिने प्रमुख लक्ष्यका साथ यस कार्यक्रम संचालन गरिएको छ । यस परियोजनामा किसानको जीविकोपार्जनको मुख्य क्रियाकलापको रुपमा व्यवसायिक कफी खेतिलाई अगाडि सारिएको छ साथै तले खेति र घुसुवा बालीको रुपमा तरकारी तथा फलफुल र अन्य खेतिको अभ्यास पनि गरिएको छ । वातावरणी सरसफाइ र जलबायु अनुकुलनका विषयमा यस क्षेत्रका विद्यालयका बालबालिकाहरुलाई सहभागी गराइ विद्यालयमा सरसफाइ, अनुकुनका क्रियाकलाप, कफी रोपण जस्ता कार्यक्रममा बालबालिकाका संलग्नता बढाइएको छ । यस कार्यक्रमबाट प्रत्यक्ष लावान्वित हुने घरधुरिहरुको सहकार्य र स्थानीय निकायको सम्पर्क समन्वय र सहकार्यमा समुदायमा संचालन गर्ने गरिएको छ ।

### उद्देश्यहरुः

यस परियोजनाको उद्देश्यहरु निम्नानुसार रहेको छ

- परियाजना क्षेत्र भित्रका कृषकहरुलाई कृषक समुहमा आवद्ध गर्दै यी ३ ओटा कृषक समुहका कम्तीमा ९० जना कृषकहरुमा कफी खेति सम्वन्धि क्षमताको विकास गर्ने ।
- व्यवसायिक कफी खेतिका संचालनका लागि आवश्यक पर्ने औजारहरुको सहयोग तथा व्यवस्थापन गर्ने ।
- ३ ओटा आधारभुत विद्यालयहरुका बालबालिहरुलाई वातावरण संरक्षण तथा जलबायु परिवर्तन अनुकुलन शिक्षामा सहभागी गराइ वातावण सरसफाई, जलवायु अनुकलनका व्यावहारिक अभ्यासहरु गराउने ।
- कृषकहरुमा प्रभावकारी जैविक तले खेतिको अवधारणा अनुसार कफी खेति विस्तार गर्दै छाया बालि विस्तारका लागि आवश्यक पर्ने विउ विजन तथा विरुवाहरुको सहयोग गर्ने ।
- कफी खेति सम्वन्धि ज्ञान क्षमता विकास तथा विस्तार गर्न र उत्पादीत कफीको सहज वजारिकरणका लागि आवश्यक निकाय, संघ सस्थाहरुमा सम्पर्क समन्वय, अवलोकन, ज्ञानको आदान प्रदान जस्ता कार्यक्रमको आयोजना गर्ने ।

- स्थानीय निकायहरुसंग सम्पर्क समन्वय विस्तार गरि श्रोतमा साझेदारि, कार्यक्रम प्रति अपनत्व भावना कायम गर्न सहयोग गर्ने ।
- कृषकहरुलाई आधुनिक कृषि प्रविधिको ज्ञान दिन, स्थलगत अभ्यासमा सहयोग गर्न स्वयम सेवी ओ.जे. टी. जे. टि. य. हरुको परिचालन गर्ने । र राज्यमा थप दक्ष कृषि मानव श्रोतको विकास सहयोग पुऱ्याउने ।



## सम्पन्न गरिएका क्रियाकलाप तथा उपलब्दीहरु

विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ अर्थात कोरोना भाईरसको प्रभावबाट नेपाल पनि अछुतो रहेन जसका कारण राज्य लामो समय बन्दाबन्दीको अवस्थामा गुज्रनु पर्यो । यस बन्दाबन्दीको कारणबाट समुदाय स्तरमा गरिने यस परियोजना कार्यक्रमहरु पनि प्रभावित भए । कतिपय कार्यक्रमहरु कोभिड १९ सुरुवात हुनु भन्दा अगाडि नै सम्पन्न गरियो भने कतिपय कार्यक्रमहरु पछिका लागि सारिएका छन् त कतिपय कार्यक्रमहरु भौतिक रुपमा कार्यस्थलमा उपस्थित भएर काम गर्न नसकिएकाले अफिस तथा घरैबाट काम गर्ने रणनीति अनुसार फोन मार्फत टाढैबाट सम्पर्क समन्य, अनुशिक्षण अभिमुखिकण र सहजीकरणका विधिहरु प्रयोग गरि संचालन गरियो । जसको फलस्वरुप बन्दाबन्दीको विसम परिस्थतिमा पनि यस परियोजनामा योजना गरिएका अधिकांस क्रियाकापहरु सम्पन्न हुनाका साथै राम्रो भएका उपलब्खी प्राप्त गरेकाछन् । जुन यसप्रकार रहेकाछन् ।



- **OJT अभिमुखिकरण तथा ओ. जे. टी . परिचालनः**

यस परियोजना अन्तरगत ६ जना ओ जे टी जे.टी. य स्वंयमसेवकहरु परिचालन गर्ने कार्यक्रम रहेको थियो । तर हाम्रो परियोजना क्षेत्र भन्दा सहज ठाउँ उपलब्ध भएकाले यस परियोजनाका लागि ४ जना ४महिला जना जेटिए ओ जे टी स्वंयम सेवक उपलब्ध भयो । जसलाई कार्यस्थालमा परिचालन गर्ने भन्दा अगाडी एक दिने अभिमुखीकरण गरि कार्यस्थालमा खटाइएको थियो । यस अभिमुखिकरणमा Layer Farming for Adaptation Project को बारेमा जानकारी गराउनाका साथै समुदायमा काम गर्ने तैरतरिका र कार्यालयको नितिनियमको बारेमा जानकारी गराइएको थियो । परिचालित ४ जना मध्ये दुइ जनाले आफ्नो निजी समस्याका कारण बिचमा छोडनु भयो भने २ जना रिपाहामा ६ महिनाको कार्यमा पुरा समय कार्यरत रहनु भयो । रिपाहामा कार्यरत यी २ जनाले फिल्ड स्तरमा रहेर कृषकहरुलाई अन्न बाली तथा तरकारी खेतिका विषयमा आवश्यक जानकारी गराउनुका साथै सिक्ने सिकाउने र आवश्यक सुचना संकलनमा समेत सहयोग गर्नु भयो ।



- **आधारभुत सूचना संकलन ( Baseline survey )**

यस आवधिमा यस परियोजनाको कार्यक्षेत्र बौदीकाली गा.पा. ६

लाहापे, हुप्सेकोट गा.पा. ४ रिपाहा, र हुप्सेकोट गा.पा. ५ बसेनीमा गरि ३ओटा  कृषक समुह आधारभुत सूचना संकलनको काम सम्पन्न गरिएको छ। जस अनुसार  यस ३ कृषक समुहमा ९९ घरधुरीमा २० महिला घरमुली  र ७९ पुरुष घरमुली आवद्ध छन्। तीनै स्थानको कुल जनसंख्या ७६४ मा ३७४ महिला र ३९० पुरुष रहेका  छन्।  खाद्यसुरक्षाको हिसावले कुल घरधुरीमा १९घरधुरि ३महिना सम्म,५९ घरधुरि ६महिना सम्म, ९ घरधुरि ९महिना सम्म र १२ घरधुरि १२ महिना भन्दा बेसि खान पुग्ने घरधुरि रहेका छन्। तीनै स्थानमा ६९१ कफीका विरुवा विद्यमान  छन् भने  लगभग ५९.५२ रोपनीमा  तरकारी गलाइएको छ र  ४०९ रोपनी जमीन कफी गलाउनाका लागि योग्य छ।  जसको विस्तृत विवरण निम्न चार्टमा  समावेश गरिएको छ।

| स्थान | जम्मा घरधुरि | महिला घर | जम्मा जनसंख्या | म. | प. | विद्यमान कफी विरुवा | तरकारी लगाइएको क्षेत्रफल (रोपनीमा) | कफी  लगाउन सकिने क्षेत्रफल (रोपनीमा) |
|---|---|---|---|---|---|---|---|---|
| बसेनी | 25 | 5 | 248 | 117 | 131 | 76 | 25 | 43 |
| रिपाहा | 31 | 7 | 196 | 102 | 94 | 30 | 17.67 | 74 |
| लाहापे | 43 | 8 | 320 | 155 | 165 | 585 | 16.85 | 292 |
| जम्मा | 99 | 20 | 764 | 374 | 390 | 691 | 59.52 | 409 |

खाद्य सुरक्षाको अवस्था

| | स्तर | स्थान | | | जम्मा |
|---|---|---|---|---|---|
| क्र.स. | खाद्य सुरक्षाका अवस्था | बसेनी | रिपाहा | लाहापे | |
| 1 | ३महिना सम्म | 0 | 12 | 7 | 19 |
| 2 | ६महिना सम्म | 20 | 16 | 23 | 59 |
| 3 | ९महिना सम्म | 3 | 0 | 6 | 9 |
| 4 | १२महिना सम्म | 2 | 3 | 7 | 12 |
| जम्मा | | 25 | 31 | 43 | 99 |
| महिला घर | | 5 | 7 | 8 | 20 |

- **कृषक समुह गठन :**

यस अवधिमा बौदीकाली गा.पा बौदीकाली गा.पा. ६ लाहापे, हुप्सेकोट गा.पा. ४ रिपाहा, र हुप्सेकोट गा.पा. ५ बसेनीमा गरि ३ ओटा  कृषक समुह कृषक समुह गठन गरिएको छ। यी ३ कृषक समुहमा कुल ९९ घरधुरि आवद्ध भएका छन् । जसको विस्तृत विवरण निम्नानुसार रहेको छ । साथै यी कृषक समुह आआफ्नो गाउँपालिकामा दर्ता समेत भैसकेका छन्। यस परियोजनाले संचालन गर्ने जाति पनि  क्रियाकलापहरु यी कृषक समुहहरुद्धारा नै संचालन गर्दै आइरहेको छ।

| कृषक समुहको नाम | जम्मा घरधुरि | महिला घरमुली | जम्मा जनसंख्या | म. | पु | कैफियत |
|---|---|---|---|---|---|---|
| मिलीजुली कृषक समुह हुप्सेकोट ५ बसेनी | 25 | 5 | 248 | 117 | 131 | |
| रुम्सी रिपाहा कृषक समुह हुप्सेकोट ४ रिपाहा | 31 | 7 | 196 | 102 | 94 | |
| जुनतारा लक्ष्मी कृषक समुह बौदीकाला ६ लाहापे | 43 | 8 | 320 | 155 | 165 | |
| जम्मा | 99 | 20 | 764 | 374 | 390 | |

- **परियोजना अनुगमन तथा मूल्यांकन :**



यस अवधिमा यस परियोजनाको दातृ निकाय ग्लेसियर ट्रष्टको को. डाईरेक्टर तथा हिकोडेफको कार्यकारी निर्देशकको संयुक्त टिमबाट परियोजना कार्यक्षेत्र, लगायत संचालित क्रियाकलापहरुको अनुगमन गरियो । रिपाहा, धौवादी र लाहापे कार्यक्षेत्र अनुगमनको क्रममा त्यहाँका समुदायहरुसंग साक्षातकार तथा छलफल गर्नाका साथै कफी रोपाण र स्थापित नर्सरी को पनि अवलोकन  गरि समुदालाई आवश्यक सल्लाह तथा सुझाव दिइएको तथा लिइएको थियो ।

- **विद्यालय कार्यक्रम**

यस कार्यक्रम अन्तरगत विद्यालय कार्यक्रम बौदीकाली गा.पा. ६ लाहापेको श्री लक्ष्मी आधारभुत विद्यालयको कक्षा २ देखि ८ सम्मका  विद्यार्थीहरु,हुप्सेकोट गा.पा. ४ रिपाहाको श्री सुर्यविनायक आधारभुत विद्यालयको कक्षा २ र ३ को  विद्यार्थीहरु, र हुप्सेकोट गा.पा. ५ बसेनीको श्री राष्ट्रिय आधारभुत विद्यालयका कक्षा २ देखि ६ सम्मका विद्यार्थीहरुको सहभागितामा संचालन गर्दै आइएको छ । जसका लागि हरेक आधारभुत विद्यालयमा यस विद्यालय कार्यक्रम संचालनका लागि रातो, निलो, पहेलो, र हरियो सदन निर्माण गरिएको छ । विद्यालयमा जे जति क्रियाकलपहरु संचालन गरिन्छ  यिनै सदन मार्फत संचालन गरिन्छ । हाल सम्म यी विद्यालयहरुका बालबालिकाहरु जलवायु शिक्षा कार्यक्रम, विद्यालय कम्पाउड भित्र कफी विरुवा रोपण कार्यक्रम संचालन गरिसकीएको छ । फिलिप चार्ट प्रयोग गरि प्रस्तुती , बालबालिका विच छलफलबाट संचालन गरिएको यस जलबायु कक्षामा  बालबालिकालाई जलबायु परिवर्तन के हो,  किन र कसरी हुन्छ, यस प्रभवा कस्तो छ र सो प्रभावसंग जुध्नका लागि अपनाइने उपायहरुका बारेमा जानकारी गराइएको  थियो । विद्यालय कम्पाउण्ड क्षेत्र भित्र कफी रोपणका लागि  बालबालिकाहरुलाई कफी लगाउने तरिका, रोपाण गर्ने दुरी, खाडल खन्ने तरिका र मल जल गर्ने तरिकाका तथा विद्यालय सरसफाइको बारेमा पनि जानकारी गराउनुका साथै विद्यालय कम्पाण्डको सरसफाई पनि गर्न लर्गाइएको थियो । त्यस पछि  ३ विद्यालयका हरेक सदनहरुले ५ । ५ ओटा कफीका विरुवाहरु लगाएका छन् । जसको गोडमेल, मल जल, र हेरचाहा सदन अनुसार सदनका विद्यार्थीहरुले गर्ने गरेका छन् ।





- **कफी बजार सर्म्पक समन्वय तथा भ्रमणः**

यस अवधिमा यस परियोजनाको परियोजना संयोजकबाट कृषकबाट उत्पादीत कफिको उपयुक्त बजारको संम्पर्क समन्वय र खोजिका लागि गुल्मी, पाल्पा, ललितपुर र काठमाण्ठौका विभिन्न संघ सस्था र कम्पनीहरुमा

भ्रमण गरियो । भ्रमणको क्रममा संघ सस्था र कम्पनीहरुले कफि विकास सम्वधि गरेका गतिविधि, क्रियाकलापहरुमा छलफल गर्नुका साथै कम्पनीहरुको उत्पादन प्रक्रियाको प्रत्यक्ष अवलोकन गरियो । यस क्षेत्रबाट संकलित नमुना देखाउनुका साथै उनीहरुबाट प्रशोधित कफिको नमुना संकलन समेत गरिएको छ ।साथै कृषक स्तरमा कफि बिकास र बजारिकरणलाई सहज बनाउनका लागि विभिन्न सूचक भएको फारम भरि आवश्यक सूचना संकलन गरिएको छ । र कही आवश्यक सन्दर्भ सामाग्रीहरु पनि संकलन भएका छन् ।
यस अवधिमा भ्रमण गरिएका संघ, संस्था तथा कम्पनीहरु
१. जिल्ला सहकारी संघ लि. तम्घास, गुल्मी
२.कफि अनुसन्धान केन्द्र भण्डारीडाडा रिडी, गुल्मी
३. जिल्ला कफि व्यवसायि संघ, तान्सेन पाल्पा
४.हाइमाउण्टेन अरेविका कफि कम्पनी प्रा. लि. सातदोवाटो ललितपुर काठमाण्डौ
५.हाइल्याण्ड कफि कम्पनी प्रा.लि. ठुलो भऱ्याङ काठमाण्डौ
६.माउण्ट एभरेष्ट कफि कम्पनी प्रा.लि.कुलेश्वर काठमाण्डौ
७. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, नयाँ बानेश्वर काठमाण्डौ ।

- **स्थलगत प्राविधिक तथा प्लाण्ट क्लिनिक सहयोग :**

यस अवधिमा परियोजनाको ३ नै स्थानमा २/२ पटक on site technical support /Plant clinic संचालन गरियो । जसमा लाहापेमा ४१ जना (२४ पु.र १७ म.) रिपाहामा ३१ जना(८ पु.,२३ म.) र बसेनीमा १९ जना ( १२ पु.,७ म.) कृषकहरुको सहभागिता रहेको थियो । यस कार्यक्रममा पहिलो पटक विरुवामा देखिएका लाहीको समस्याहरुको जैविक विधीबाट निराकरणका उपायहरु सिकाउनुका जैविक विषाधी बनाउने तरिका र यसको प्रयोग गर्ने तरिका तथा विरुवाको झोलमल वनाउने तरिका र उपयोग गर्ने विधि सिकाइएको थियो ।

दोश्रो on site technical support मा Tunnel मा seedling transplant bed बनाउने तारिका , काउली बन्दा र प्याजका विरुवा उमार्ने तरिका बारेमा सिकाइएको थियो । हाल ९ जना कृषकले Tunnel मा गोलभेडा खेति गरेका छन् भने हिउदे जातको तरकारीको नर्सरी राख्न सूरुवात गरेका छन् । साथै स्थानिय स्तरमा घरेलु जैविक विषादी ,झोल मल बनाइ प्रयोग गर्न थोलेका छन् ।





- **Tunnel तथा सिंचाइका लागि टंकी सहयोग**

यस परियोजनाबाट हुप्सेकोट-४ रिपाहाका ३ जना  र बौदीकाली गा.पा.-६ लाहापेका ६ जना कृषकलाई तरकारी खेति विस्तारका लागि कृषकहरुको ५० प्रतिशत लगानी र कार्यक्रमको ५० प्रतिशत लगानीमा ९ थान Tunnel निर्माणका लागि सिलपौलीन वितरण गरिएको छ । सिलपौलिन कार्यक्रमको तर्फबाट उपलव्ध गराइएको हो भने Tunnel निमार्ण कार्य र आवश्यक काठ, बास सम्वधित घरमुलीले जुटाउने तथा बनाउने गरिएको छ । त्यसै गरि हुप्सेकोट-४ रिपाहाका ३ जना र बौदीकाली गा.पा.-६ लाहापेका ६ जना सोही घरधुरि कृषकहरुलाई तरकारी खेति विस्तारका लागि उनीहरुको ५० प्रतिशत लगानी र कार्यक्रमको ५० प्रतिशत लगानीमा ९ ओटा १००० लि.को सिंचाइ टंकी खरिद गरि वितरण गरिएको छ । जसले सिलपौलिनबाट Tunnel निमार्ण गरि तरकारी तथा टमाटर खेति गरेका छन् ।







- **कफी खेति तालिम**

यस अवधिमा हुप्सेकोट-४ रिपाहा,हुप्सेकोट-५ बसेनीका तथा बौदीकाली गा.पा.-६ लाहापेमा गरि ३ स्थानमा २/२ दिने ३ ओटा कफी खेति तालिम संचालन गरिएको छ । कफीको व्यवसायिक खेति तथा बगैचा स्थापना लामो समयको अनुभव रहेका कृषक स्तरका प्रशिक्षक श्री मिठाराम जमकटेलद्धारा प्रशिक्षण दिइएको यस तालिममा यी तीनै स्थानका गरि १०१ (६१म र ४० पु)जना सहभागिहरुले तालिम प्राप्त गरेका छन् । जसमा २ जना ओ.जे.टी.स्वयमसेवक पनि सहभागि भएका छन् ।कफी खेतिको व्यवहारिक अभ्यासलाई जोड दिई संचालन गरिएको यस तालिम पछि ८४ सहभागि कृषकहरुले ३२५५ कफीको विरुवा लगाएका छन् । यसै क्रममा तालिमका लागि ल्याएका कफी पल्पर मेसिन २ वटा, कफी ग्राईन्डर २ सिकेचर २, प्रुनिङ्ग आरा २ लाहापे र वसेनीको समुदायमा हस्तान्तरण गरिएको छ । जसबाट कफी पल्पीङ्ग गरि कफी पार्चमेन्ट बनाउने परिमाण तथा कृषक संख्यामा बृद्धि भएको छ ।





- कफी पार्चमेन्ट  तयारि सहजीकरण

यस अवधिमा यस परियोजना क्षेत्रका कृषकहरुलाई कफी पार्चमेन्ट तयारीका लागि सहजीकरण तथा अभिप्रेरित गरिएको छ । विगतमा कफी चेरी बोटमै पाकेर झरेर जाने अवस्था र कसै कसैले टिपाहाले पनि प्रशोधन प्रक्रिया नजानेर कमै मात्रामा कफीको पार्चमेन्ट तयार हुने गर्दथ्यो । यही कुरालाई ख्याल गरि कार्यक्षेत्रका सवै कृषकलाई कफीको व्यवसायिक तालिम दिइ सके पछि  नियमीत कफी पार्चमेन्ट तयार गर्न परियोजना संयोजकबाट सहजीकरण तथा अभिप्रेरित गरियो जसको फलस्वरुप लाहापेका १५जना, बसेनीका १० जना र रिपाहाका ४ जना गरि कुल २९ जना जनजाति कृषकहरुले करिव ७५ के.जी. कफी पार्चमेन्ट विक्री गर्न योग्य हुने गरि तयार गरेका  छन् ।






- **कफी विरुवा सहयोग  तथा रोपाण**

यस अवधिमा वसेनी, रिपाहा र लाहापेका ३ओटा कृषक समुहलाई  ९२ कृषक (१ दलित र ९१ जनजाति ) परिवारलाई पारियोजनाको तर्फबाट कुल १५५० कफीको विरुवा सहयोग गरि रोपण गरिएको  छ भने समुदयका यी कृषकहरुले आफ्नै तर्फबाट १७०५ वटा कफी विरुवा  व्यवस्थापन गरि रोपण गरेका  छन्। यसरी यस अवधिमा कुल ९२ कृषकले ३२५५ कफीका विरुवाको रोपण गरेको छन् । यसरी रोपिएका कफीका विरुवा यस वर्ष भएको नियमीत वर्षाका  कारणले हालसम्म सबै सरेको अवस्था  छ । एक घर एक व्यक्तिलाई कफी खेति सम्वन्धि दिइएको तालिमले र कफी लगाउनु पर्छ भन्ने विषयमा गरिएको नियमीत दुरी सहजीकरणले यस बन्दा बन्दीको अवस्थामा पनि कृषकहरु कफी खेति प्रति उत्साह जगाउनु यस कार्यक्रमको राम्रो उपलव्धीको रुपमा लिन सकिन्छ ।




**कफी विरुवा वितरण**





- लाहापे कफी रोपण





**बसेनी कफी रोपण**





**रिपाहा कफी रोपण**

- **चुनौति**

- बन्दाबन्दीको कारणले कृषकहरुले आफ्ना लागि चाहिनो खाद्य पदार्थ महगो मुल्यमा किन्नु परेको छ भने कृषकहरुबाट उत्पादीत कृषि उपज तथा अन्य उन्पादन विक्री गर्न पाएका छैनन् । बेच्दा सस्तोमा बेच्न परेको छ । जस्तै बजार नपाएको कृषकका उत्पादनहरु


अमृसो कुचो,


सुठी


कफी पार्चममेन्ट


सुपो डालो

- बन्दाबन्दीको कारणले यस परियोजनाको विभिन्न क्रियाकलापहरु समयमा संचालन गर्न सकिएन भने कति क्रियाकलापहरु पछि गर्ने गरि सरिएको छ ।
- केही ओ. जे. टी. स्वयम सेवकहरु विचैमा छोड्नु ।

**सिकाई तथा सुझावः**

- लाहापे, रिपाहा र बसेनी क्षेत्रमा विगत वर्ष देखि नै स साना परिमाणमा कफी खेतिको अभ्यास छ । तर थोरै परिमाणमा उन्पादन भएको कफी पनि बजारमा सहज हिसावले विक्री वितरण गर्ने स्थानहरुमा कृषकहरुको पहुँच नहुँदा कफी खेति प्रति जुन किसिमको उत्साहा जाग्नु पर्ने हो सो किसिमले जाग्न सकेको छैन । त्यसैले यस परियोजनाबाट जति सक्दो छिटो किसानबाट उप्पादीत साना परिमाणका कफीको समेत बजार छिटो र सहज बनाउन सकेमा कृषकहरुको कफी खेति प्रतिको उत्साहा थप बृद्धि हुने देखिन्छ ।

- रिपाहा गाउ ६५०मी देखि ८००मी को उचाइमा रहेको छ कफी उत्पादनको हिसावले यस क्षेत्र गुणस्तरिय कफी उत्पादन गर्न केही समस्या पर्ने कफी विज्ञहरुको भनाइ लाई ख्याल गर्दा यस क्षेत्रमा कफी विस्तार कार्यक्रमका बारेमा सोच्नु पर्ने हो की ?
- परियोजना समयमा सुरुवात नभएका कारण आफ्ना समयावधिमा ओ. जे. टी. स्वयम सेवकका रुपमा काम गर्ने सहभागीहरु योजना मुताबि प्राप्त गर्न सकिएन जसका कारण परियाजनाको सबै क्षेत्रमा ओ. जे. टी. स्वयमसेवक परिचालन गर्न पाइएन । जसका कारण यिनीहरुको परिचालनबाट समुदायमा थप जुन किसिमको प्रतिफल ल्याउन सिकिने थियो सो आउन नसकेको हो कि ।

# सफलताको कथा १

## तरकारी खेतिमा विष्ने रानाको उत्साह




विष्ने राना ६ जनाको परिवार सहित हुप्पसेकोट ४ रिपाहा बस्दछन् । खाडी मुलुकमा काम गरेर करिव २ वर्ष अघि स्वदेश फिर्ता भएका विष्ने को जीविकोपार्जनको मुख्य पेशा नै परमपरागत कृषि हो । जीविकाका लागि उनले परम्परागत शैलीमा आफुलाई चाहिने धान मकै र कोदो तथा तरकारी खेती गर्दै आएका थिए । यस किसिमको खेति प्रणालीले उनलाई परिवार पाल्न निकै मुस्कील थियो । यसै क्रमका यिनको गाउँलाई कार्यक्षेत्र बनाइ हिकोडेफबाट संचालन भएको अनुकुलनका लागि तले खेति परियोजना (LFAP) अन्तरगत संचालन भएका स्थलगत प्राविधिक सहयोग,कृषक समुह बैठक, छलफल, तालिम जस्ता क्रियाकलापमा यिनले पनि सहभागि हुने अवसर पाए । जसले गर्दा यिनलाई उन्नत तरकारी खेति प्रति आर्कषित गऱ्यो ।उनले तने बोडी गोलभेडा, र खुर्सानीको व्यवसायिक खेति गर्न थाले। उनको यस प्रयासलाई थप उत्साह दिनका लागि उनलाई परियोजनाबाट टनेल निर्माणका लागि टनेल प्लाष्टी सिल पौलिन र १००० ली.को सिचाई पानी टंकी पनि उपलब्ध गरायो । उनले टनेलमा गोलभेडा खेति गर्न सुरु गरेका छन् । कोरोना भाइरसको बन्दाबन्दीको अवस्थामा पनि विष्नेले ४०० के. जी. गोलभेडा उत्पादन गरि प्रति केंजी.रु २० मा बेचि रु ८०००।- कमाउन सफल भएका छन् भने १०० के.जी बाडी बाट रु ८०००।- कमाएका छन् । अहिले उनले बजारमा राम्रो मुल्य भएको अकबरे खुर्सानी कम्तिमा एक रोपनीमा लगाएका छन् जुन बेच्नका लागि तयार भैसकेको छ । साथै उनी भन्दछन् “यस अकवरे खुर्सानी ५ रोपनीमा विस्तार गरि बर्षिक रु एक लाख भन्दा बेसी आम्दानी लिने हो ।” यसको साथै उनी यस बर्ष देखि कफी खेतिमा पनि अघि बढेका छन् । उनले यस बर्ष २० बटा कफी विरुवा पनि रोपण गरिसकेका छन् ।



बोडी खेति



गोलभेडाको टनेल नजिकै लगाइएको अकवरे खुर्सानी

## हिकोडेफका मित्रहरुद्वारा छात्रा छात्रावृत्ति राहत वितरण कार्यक्रम-२०७७

**हिकोडेफ सोसियल ईन्टरप्राइजेज् प्रा.लि.द्वारा राहत वितरण कार्य सम्पन्न गरियो ।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसले नेपालमा रहेका सबैजनताहरु खासगरी विपन्न , देनिक ज्याला मज्दुरी गरी खाने वर्गहरुलाई प्रत्येक्ष असर गरिहेको यस संक्रमण अवस्थामा दैनिक खाद्यान्नको अभाव भईरहेको छ । यस महामारीबाट सुरक्षित रहन हाम्रो सम्पूर्ण दैनिक चालचलनहरुमा परिवर्तन गर्दै लैजानु र आफ्नो सरसफाईमा ध्यान दिनु जरुरी छ भने नेपाल सरकारले जारी गरेको आज्ञाहरु पालना गर्नु सर्बको कर्तव्य हो ।

**हिकोडेफका मित्रहरुद्वारा छात्रा छात्रावृत्ति कार्यक्रमः** हिमालयन सामुदायिक विकास मञ्च -हिकोडेफ) २०५५साल देखी यस क्षेत्रमा प्रत्येक्षरुपमा जनताका घर दैलोमा पुगि शिक्षा, स्वास्थ्य,स्वच्छ खानेपानी, प्राकृतिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जा,मानव अधिकार र नागरिक सरोकारका सवालहरुमा सहयोग र पैरवी गर्दै आइरहेको छ । यसै शिलशिलामा कतिपय बालिकाहरु सामान्य रुपमा पनि कापीकलम, विद्यालय ड्रेस आदि समेतको पनि अभावका कारण विद्यालय छोड्नु पर्ने दयनीय वाध्यता देखिएकोले हालको चरणममा हिकोडेफका कर्मचारीमित्रहरुको पहलमा साविक नवलपरासी जिल्ला शिवमन्दिर गाविस कावासोती नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने विपन्न २० जना छात्राहरुका लागि २०६८ साल देखी छात्रा छात्रावृत्ति प्रदान गर्न हिकोडेफका मित्ररु कार्यक्रमको स्थापना गरी सञ्चालनमा ल्याईएको छ ।
अति विपन्न परिवारका छात्राहरुका लागि राहत वितरण गर्नु अत्यन्तै सान्दर्भिक ठानी हिकोडेफका मित्रहरुले आफ्नो प्रयासबाट रकम संकलन गरी राहत वितरण गरिएको हो ।

**सहयोगको स्रोतहरु :**

१. Morgan Phillip's Co country Director of TGT बाट ने.रु. ८१८८

२. क्यानडामा बस्दै आउनु भएका नेपालीहरुबाट जम्मा ने.रु.५५६४६

- १ विरेन्द्र रत्न स्थापित CAD १०० (ने.रु.८५६१)
- २. विष्णु वाचे खरेल CAD ५० (ने.रु.४२८०.५)
- ३. दिनेश सिंह मल्ल CAD १०० (ने.रु.८५६१)
- ४. सविता बानत्वा बस्नेत CAD ५० (ने.रु.४२८०.५)
- ५ .सीता श्रेष्ठ खाईतु CAD १०० (ने.रु.८५६१)
- ६. सुजन वाचे CAD ५० (ने.रु.४२८०.५)
- ७. राजेन्द्र संग्रौला CAD १०० (ने.रु.८५६१)
- ८. राजु श्रेष्ठ CAD १०० (ने.रु.८५६१)

१ र २ गरी कुल जम्मा ने.रु.६३८३४ प्राप्त भएको

**यस कार्यको लागि जम्मा खर्च भएको रकम ने.४५८१०.००**

आर्थिक सहयोग उपलब्ध गराईदिनुहुने सम्पूर्ण महानुभावहरुलाई हिमालयन सामुदायिक विकास मञ्च, हिकोडेफ सोसियल ईन्टरप्राइजेज प्रा लि र हिकोडेफका मित्रहरुको तर्फबाट हार्दिक धन्यवाद प्रकट गरिन्छ ।
कृयाकलापहरुः





## १. घरधुरी अनुगमन

राहत वितरणका लागि छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुका परिवारहरुको अवस्था कस्तो छ भनि प्रत्येक्ष भेटघाट गरी पहिचान गरिएको थियो र उक्त अनुगमनबाट २० जना मध्य १९ जनाको अवस्था तत्काल खाद्यान्न उपलब्ध गराउनु पर्ने देखियो भने १ जनाले अन्य कतैबाट व्यवस्था गरिसकेकोले दिनु नपर्ने देखियो ।

दिपा परियारको घर

## २. राहत समाग्रीहरु खरीद तथा तयारी

निम्नानुसारका राहत सामाग्रीहरु खरिद गरियो ।

सोना मन्सुली चामल ४१५ किलो, मसुरको दाल ४५ किलो, आलु ३८ किलो, खाने तेल १९ लिटर, आयो नुन १९ किलो, मस्यौरा २०० ग्राम, लक्स साबुन ३८ ओटा र हात धुनको लागि धारा सहितको पानी राख्ने बाल्टी १९ ओटा ।



राहत प्याकेज तयारी

## ३. राहत वितरण

खरिद गएिका सामाग्रीहरु हिकोडेफका मित्रहरु छात्रा छात्राावृत्ति व्यवस्थापन समितिको समन्वयमा जिल्ला शिक्षा समन्वय ईकाइ , कावासोती नगरपालिका , हिकोडेफ संस्थाका कार्यसमिति र कर्मचाीहरुको सकृय सहभागिता तथा रोहोवरमा निम्न छात्राहरुलाई परिवार संख्याका आधारमा राहत वितरण गरियो ।





राहत लिंदै

**राहत वितरणको विवरण**

| क्र. स. | नाम | परिवार संख्या | वितरण गरिएको समाग्रीहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चामल केजी | दाल केजी | आलु केजी | तेल लिटर | नुन केजी | मस्यौरा ग्राम | साबुन वटा | बाल्टी वटा |
| 1 | प्रमिला गहा | 5 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 2 | रिमकुमारी वन्टाकी | 8 | 25 | 3 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 3 | रोजिना बराल | 7 | 25 | 3 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 4 | अस्मिता कुमाल | 2 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 5 | ललिता गाहा मगर | 6 | 25 | 3 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 6 | यशोदा चापागाई | 2 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 7 | आरती पौडेल | 7 | 25 | 3 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 8 | आरती सुनार | 4 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 9 | अस्मिता सुवेदी | 5 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 10 | स्वीकृती अधिकारी | 5 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 11 | पुर्णिमा गैह्रे | 4 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 12 | दिपा महतो | 6 | 25 | 3 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 13 | सरिता परियार | 4 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 14 | प्रियन्का राना | 3 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 15 | रश्मी रकिम मगर | 4 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 16 | उमा कुमा | 4 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 17 | आस्का गुरुङ्ग | 3 | 20 | 2 | 2 | 1 | 1 | 200 | 2 | 1 |
| 18 | दिपा परियार | 7 | 25 | 3 | 2 | 1 | 1 | 200 | 2 | 1 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 19 | सम्झना रुम्बा | 8 | 25 | 3 | 2 | 1 | 1 | 200 | 2 | 1 |

४.**पुनः अनुगमन**

राहत सामाग्री वितरण पश्चात् उनीहरुको प्रतिकृया लिन र धारा बाल्टीको प्रयोगको बारेमा बुझ्नका लागि अनुगमन गरिएको थियो । उक्त अवसरमा उनीहरुको भनाई अनुसार **“एक महिनाको लागि अब हामीलाई खाद्यान्नको बारेमा ढुक्क भएको छ ।” धारा सहितको बाल्टी अति आवस्यक परेकोले धेरै सजिलो भएको छ - छात्रा आरती सुनार ।**



आरती सुनार



यशोदा चापागाइको

## सफलताको कथा

### “ हाम्रो लागि पनि सहगोग गर्ने कोही हनुहुँदोरहेछ ।”

नवलपरासी जिल्ला ब.सु.पूर्व कावासोती नगरपालिका वडा नम्बर ३ घर भई दैनिक ज्याला मज्दुरी गरी परिवारको जीविकोपार्जन गर्ने आमा **विष्णुमाय। सुनार**ले यस अवस्थामा राहत प्राप्त गर्दा अत्यन्तै हर्षित हुँदै खुशी व्यक्त गर्नुभएको छ ।

हाल कावासोती को शहिद स्मृति मा. वि. कक्षा १० मा अध्ययनरत छात्रा आरती सुनारको घरमा एक आमा, एक दाजु र आफु सहित जम्मा ३ जनाको सानो परिवार छन् । भन्दा केही बर्ष अगाडी भारतको सानो मजदुरी गरी आफ्नो परिपार सहित नेपाल आएका निजले सानै उमेरमा बाबा गुमाएको पिडा त छदैंछ तर पनि गरीवीका कारण झण्डै विद्यालय समेत गुमाउनु पर्ने अवस्था आयो । हिकोडेफका मित्रहरुको सानो सहयोगमा छात्रावृत्ति प्राप्त गरेपछि पढाईमा ठूलो हौसला मिलेको छ । अहिले S E E को परक्षिाको तयारीमा रहेकी आरती सुनार कोरोना भाइरसको कारण परीक्षा स्थगित भएकोले घरमा नै बसी तयरी गरिरहेकी छन् ।



घर परिवारमा भएको एक जना दाजु जो शारिरीक तथा मानसिक अशक्तका कारण केही गर्न नसक्ने र उनकी आमा स्थानीय मिठाई पसलमा दैनिक ज्यालादरी गर्ने कुनै समयमा बाहिर मेलापात गरी ३ जनाको हातमुख जोर्ने उपाय गरिरहेकी थिईन् । कोरोना भाइरसको महामारी र यस विरुद्धको रोकथामका लगि भएको लकडाउनका कारण उक्त दैनिक ज्याला गर्ने कार्य समेत बन्द भएपछि ज्यादै चिन्तामा परेको र लकडाउनको शुरुमा नै नगरपालिका बाट १५ किलो चामल राहत प्राप्त भए पनि लामो समय भएकोले नपुगेर अब कताबाट जुटाउने भनि सोचाईमा बसेकी थिएँ । वार्ड कार्यालयमा जाँदा पटकपटक नपाईने भनेपछि २ दिनका लगि त छिमेकीको घरबाट ल्याएँ तर फेरी सकियो । यस्तो भोकमारीको बेलामा हिकोडेफको सरले फोन गरेर नानीको बारेमा र पढाईको कुरा गर्दा र घरमा नै आएर अवस्थाहरु बुझ्दा त निकै आश लागेको थियो अनि मैले केही भन्न नी सकिन फेरी उहाँहरुले नी सुरक्षित रहनु होला भनेर जानु भयो तर अर्को दिन राहत लिनको लागि आउनु भनेर बोलाउँदा त मलाई कति खुशी लाग्यो । मैले २० किलो चामल , २ किलो दाल, २ किलो आलु, १ लिटर खानेतेल , १ किलो आयो नुन , १ पोका मस्यौरा, २ वटा हातधुने साबुन र १ वटा धारा सहितको बाल्टी प्राप्त गरें । विष्णुमाया सुनार भन्नुहुन्छ- “यसरी मेरो लागि पनि सहयोग गरिदिने कोही हुनुहुँदोरहेछ भनेर धेरै खुशी छु , जो-जसले यति राम्रो सहयोग जुटाउनु भयो र म जस्तै अरुलाई पनि उपलब्ध गराईदिनु भयो उहाँहरुलाई धेरै धेरै धन्यवाद छ”- विष्णुमाया सुनार ।